# भागेश्वर गाउँपालिका गाउँ शिक्षा योजना

## २०८३/२०८४ - २०८७/२०८८

भागेश्वर गाउँपालिका
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
नेपाल

## हाम्रो भनाइ

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ ।

संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवस्थालाई आत्मसात गर्दै शिक्षामा सरल र सहज पहुँच  लाई अग्रस्थानमा राख्न जरुरी देखिएको छ ।

सन् १९७० देखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकता परिपुर्ति गर्न कठिनाई भै रहेको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई विकेन्द्रित योजनाको रुपमा निर्माण गर्न शुरुवात गरेसँगै स्थानीय तहमा गाउँ शिक्षा योजना,जिल्ला शिक्षा योजनाको माध्यमद्वारा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा जिल्ला शिक्षायोजना र गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरेको देखिन्छ । यस सन्दर्भमा डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिकाले पनि गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता बिषयमा सुधारका रणनीतिहरु मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट शिक्षाको गुणस्तरीय पहुँच पुग्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका सबै अवसरहरु प्रत्याभूति दिनका लागि यो गाउँ शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरुलाई सामना गर्दै विकसित भई रहेको प्रविधि र  ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरुको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरुलाई सहज,सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि २०८३/०८४ देखि २०८७/०८८ सम्मको ५बर्षे शिक्षा योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ।गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त संघ, प्रदेश तथा यस गाउँपालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरु, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरु,विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ,अन्य सम्बद्ध शैक्षिक संस्थाहरुको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ । पहिलो अनुभवमा नै योजना निर्माण गर्नु जटिल एवम् चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा, योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रशंसनीय रहेको छ । यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका गाउँ शिक्षा समितिका पदाधिकारी सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक,समितिका पदाधिकारीहरु, शिक्षक,

समितिका पदाधिकारी तथा शिक्षासँग सरोकारवालाहरु तथा यस गाउँपालिकाका शिक्षा अधिकृत गणेश वहादुर पौडेल, मिन वहादुर खडका साथै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। यसका साथै यस कार्यमा सहयोग गर्नुहुने उपाध्यक्ष पुष्पा ठकुराठी, प्रमुख प्रशासकीय अधिकृत जितेन्द्र प्रशाद ओझा ,योजना अधिकृत प्रेम सिह घोटा सामजिक विकास समिति संयोजक डम्बर राज जोशी, सबै वडा अध्यक्ष र जनप्रतिनिधिज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई स्मरण गर्न चाहन्छु। यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरु पूरा गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

हेमराज चटौत
अध्यक्ष

Contents


कार्यकारणी साराँश.....1

विषय प्रवेश.....1

शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य.....1

स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य 2

शिक्षा योजना निर्माणका आधारहरू 2

शिक्षा योजना निर्माण प्रक्रिया 3

योजनाको लेखाजोखा 4

परिच्छेद १ परिचय : 4

१.१ बर्तमान अवस्था 4

१.२) मुख्य समस्या तथा चुनौतीको विश्लेषण 7

१.३ शिक्षा क्षेत्रका चुनौतिको SWOT बिश्लेषण 8

१.४ अवसरहरु 9

दूरदृष्टि, उद्देश्य, रणनीतितथा लक्ष्यनिर्धारण 12

२.१ स्थानीय तहमा शिक्षायोजना निर्माण गर्दा लिनुपर्ने आधार 12

२.२ दूरदृष्टि 15

२.३ लक्ष्य 15

२.४ उद्देश्य 16

२.५ रणनीति 16

२.६ कार्यनीति 17

२.७ अपेक्षित उपलब्धि 23

२.८ मुख्यकार्यसम्पादन सूचक र लक्ष्यनिर्धारण 23

हाल सञ्चालित मुख्य कार्यक्रमहरू **Error! Bookmark not defined.**

## गाउँ शिक्षा योजना भागेश्वर गाउँपालिका, डडेल्धुरा (२०८३-२०८८)

## कार्यकारणी साराँश

### विषय प्रवेश

शिक्षा कुनै पनि राष्ट्रको समग्र विकास, सामाजिक रूपान्तरण तथा मानव संसाधन निर्माणको आधारभूत माध्यम हो । शिक्षाले व्यक्तिको ज्ञान, सीप, क्षमता र व्यवहारमा सकारात्मक परिवर्तन ल्याई समाजलाई सभ्य, सक्षम र प्रतिस्पर्धी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई गुणस्तरीय तथा समान पहुँचयुक्त शिक्षाको अधिकार सुनिश्चित गरेको छ । यसै अनुरूप संघीय शासन प्रणालीअन्तर्गत स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ ।

गाउँपालिकाभित्र रहेका विद्यालयहरूको शैक्षिक अवस्था, भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि, बालमैत्री वातावरण, प्रविधिमैत्री शिक्षा तथा समावेशी पहुँचलाई थप प्रभावकारी बनाउन दीर्घकालीन तथा योजनाबद्ध कार्य आवश्यक रहेको छ। शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू जस्तै विद्यार्थीको न्यून सिकाइ उपलब्धि, विद्यालय छाड्ने दर, प्रविधिको सीमित प्रयोग, स्रोत साधनको अभाव तथा समुदायको न्यून सहभागितालाई समाधान गर्न स्पष्ट नीति, योजना र रणनीति आवश्यक पर्दछ ।

यस गाउँ शिक्षा योजना गाउँपालिकाको समग्र शैक्षिक अवस्था विश्लेषण गरी स्थानीय आवश्यकता, अवसर र चुनौतीलाई मध्यनजर गर्दै तयार गरिएको हो। यस योजनाले गुणस्तरीय, समावेशी, पहुँचयोग्य तथा रोजगारमुखी शिक्षाको विकासका लागि आवश्यक लक्ष्य, उद्देश्य, कार्यक्रम तथा कार्यनीतिहरू निर्धारण गरेको छ। साथै स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सरोकारवालाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्दै शिक्षा क्षेत्रको दिगो विकासमा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । ............

### शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तर अभिवृद्धि तथा सबै नागरिकको शिक्षामा समान पहुँच सुनिश्चित गर्न शिक्षा योजना निर्माण अत्यन्त आवश्यक हुन्छ । योजनाबद्ध ढङ्गले शिक्षा क्षेत्र सञ्चालन गर्दा उपलब्ध स्रोत—साधनको प्रभावकारी उपयोग, शैक्षिक समस्या पहिचान तथा दीर्घकालीन समाधानका उपाय तय गर्न सहज हुन्छ। स्थानीय तहको जिम्मेवारी बढ्दै गएको वर्तमान सन्दर्भमा गाउँपालिका स्तरमा स्थानीय आवश्यकता, भौगोलिक अवस्था, सामाजिक विविधता तथा समुदायको अपेक्षाअनुसार शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न शिक्षा योजना अपरिहार्य बनेको छ । शिक्षा योजना निर्माणले विद्यालयको भौतिक पूर्वाधार सुधार, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि वृद्धि, प्रविधिमैत्री शिक्षाको विकास, बालमैत्री तथा समावेशी वातावरण निर्माण, विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा शिक्षामा पहुँच विस्तार गर्न स्पष्ट दिशा प्रदान गर्दछ। साथै शिक्षामा देखिएका समस्या, चुनौती र अवसरको विश्लेषण गरी प्राथमिकताका आधारमा कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ । यस योजनाले स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्दै उत्तरदायी तथा परिणाममुखी शिक्षा प्रणाली विकास गर्न मद्दत गर्दछ । शिक्षा क्षेत्रलाई दिगो, व्यवस्थित, समावेशी तथा गुणस्तरीय बनाउन शिक्षा योजना निर्माणको विशेष औचित्य रहेको छ ।

## स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको जिम्मेवारी प्रदान गरिएको छ। स्थानीय आवश्यकता, भौगोलिक अवस्था, सामाजिक विविधता तथा समुदायको अपेक्षाअनुसार शिक्षा क्षेत्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय तहमा शिक्षा योजना निर्माण आवश्यक र औचित्यपूर्ण मानिन्छ । स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा क्षेत्रगत शैक्षिक अवस्था, विद्यार्थी संख्या, विद्यालयको भौतिक पूर्वाधार, शिक्षक दरबन्दी, सिकाइ उपलब्धि, विद्यालय पहुँच तथा समावेशी अवस्थाको वास्तविक विश्लेषण गर्न सकिन्छ। यसले स्थानीय समस्या र चुनौती पहिचान गरी समाधानमुखी कार्यक्रम तय गर्न सहयोग पुऱ्याउँछ। साथै सीमित स्रोत—साधनको उचित परिचालन, प्राथमिकता निर्धारण तथा बजेट व्यवस्थापन गर्न पनि योजना महत्वपूर्ण आधार बन्छ । शिक्षा योजना निर्माणले गुणस्तरीय शिक्षा, प्रविधिमैत्री सिकाइ, बालमैत्री वातावरण, शिक्षक क्षमता विकास तथा विद्यालय सुधार कार्यक्रमलाई व्यवस्थित ढङ्गले अघि बढाउन मार्गनिर्देशन गर्दछ। यसले स्थानीय सरकार, विद्यालय, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाबीच सहकार्य र उत्तरदायित्व अभिवृद्धि गर्न समेत मद्दत पुऱ्याउँछ । त्यसैले स्थानीय तहमा शिक्षा क्षेत्रको दिगो, समावेशी, पहुँचयुक्त तथा गुणस्तरीय विकास सुनिश्चित गर्न शिक्षा योजना निर्माणको विशेष औचित्य रहेको छ ।

## शिक्षा योजना निर्माणका आधारहरू

शिक्षा योजना निर्माण गर्दा स्थानीय आवश्यकता, शैक्षिक अवस्था तथा राष्ट्रिय शिक्षा नीतिलाई आधार मानी योजनाबद्ध रूपमा तयारी गरिन्छ । शिक्षा योजना निर्माणका प्रमुख आधारहरू निम्नानुसार रहेका छन् :

- संवैधानिक तथा कानुनी व्यवस्था
  नेपालको संविधान, शिक्षा सम्बन्धी राष्ट्रिय तथा स्थानिय ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका अधिकार र जिम्मेवारी शिक्षा योजना निर्माणका प्रमुख आधार हुन् ।
- राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रम
  नेपाल सरकारद्वारा जारी राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना२०७९-२०८८, पाठ्यक्रम तथा शैक्षिक सुधार कार्यक्रमलाई आधार मानी योजना निर्माण गरिन्छ ।
- स्थानीय आवश्यकता र अवस्था
  स्थानीय तहको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक तथा आर्थिक अवस्था, भाषा, संस्कृति र समुदायको आवश्यकता अनुसार योजना तयार गरिन्छ।
- शैक्षिक तथ्यांक तथा अवस्था विश्लेषण
  विद्यालय संख्या, विद्यार्थी भर्ना दर, सिकाइ उपलब्धि, शिक्षक अवस्था, विद्यालय छोड्ने दर, भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरसम्बन्धी तथ्यांक योजना निर्माणका आधार हुन्।
- समावेशिता तथा समान पहुँच
  सबै बालबालिकालाई समान रूपमा शिक्षामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले लैङ्गिक समानता, अपाङ्गता, पिछडिएका वर्ग तथा दुर्गम क्षेत्रलाई विशेष आधार मानिएको छ।

- स्रोत साधनको उपलब्धता

  स्थानीय तहको आर्थिक स्रोत, मानव स्रोत, भौतिक स्रोत तथा सम्भावित सहयोगको अवस्थालाई आधार बनाएर योजना निर्माण गरिएको छ।
- सरोकारवालाको सहभागिता

  शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, समुदाय तथा अन्य सरोकारवालाको सुझाव र सहभागितालाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ।
- दीर्घकालीन विकास लक्ष्य

  दिगो विकास लक्ष्य (SDGs), गुणस्तरीय शिक्षा तथा मानव विकासका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पनि शिक्षा योजना निर्माणको आधारका रूपमा लिइएको छ ।
- १६औं आवधिक योजना
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ र नीयमावली २०७७
- शिक्षाको सोचपत्र २०७९
- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९
- राष्ट्रिय जनगणना २०७८को प्रतिवेदन

**शिक्षा योजना निर्माण प्रक्रिया**

स्थानीय तहको पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गर्दा योजनाबद्ध, सहभागितामूलक तथा तथ्यमा आधारित प्रक्रिया अपनाइन्छ। सामान्यतया निम्न प्रक्रियाहरू अवलम्बन गरिन्छन् :

१. योजना निर्माण समिति गठन

   गाउँपालिकाको नेतृत्वमा शिक्षा शाखा प्रमुखको नेतृत्वमा विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी योजना निर्माण समितिको गठन भएको ।

२. तथ्यांक संकलन तथा अवस्था विश्लेषण

   गाउँपालिकाभित्रका विद्यालय, विद्यार्थी संख्या, शिक्षक अवस्था, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि, विद्यालय बाहिर रहेका बालबालिका, समावेशी अवस्था लगायतका शैक्षिक तथ्यांक संकलन गरी त्यसपछि वर्तमान शैक्षिक अवस्थाको विश्लेषण गरिएको ।

३. समस्या तथा आवश्यकता पहिचान

   शिक्षा क्षेत्रमा रहेका मुख्य समस्या, चुनौती, अवसर तथा स्थानीय आवश्यकताहरू पहिचान गरिएको ।

४. रणनीति तथा कार्यक्रम तर्जुमा

   निर्धारित उद्देश्य हासिल गर्न आवश्यक नीति, रणनीति, कार्यक्रम तथा क्रियाकलाप तय गरिएको ।

५. अन्तिम रूप तथा स्वीकृति

प्राप्त सुझाव समावेश गरी अन्तिम योजना तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकत गरिने ।

**योजनाको लेखाजोखा**

१. शैक्षिक तथ्यांक विवरण

विद्यालय संख्या, विद्यार्थी भर्ना, उपस्थिति, उत्तीर्ण दर, विद्यालय छोड्ने दर आदि ।

२. भौतिक पूर्वाधारको अवस्था

विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, ICT सामग्री आदिको अवस्था ।

३. शिक्षक तथा कर्मचारी व्यवस्थापन

शिक्षक दरबन्दी, शिक्षक संख्या, तालिम, क्षमता विकास तथा कार्यसम्पादन विवरण ।

४. शिक्षण सिकाइ उपलब्धि

विद्यार्थीको सिकाइ स्तर, परीक्षा नतिजा, गुणस्तरीय शिक्षाको अवस्था आदि।

५. बजेट तथा आर्थिक विवरण

प्राप्त बजेट, खर्च विवरण, स्रोत परिचालन तथा आर्थिक पारदर्शिता ।

६. समावेशी तथा समान पहुँचको अवस्था

बालिका, दलित, अपाङ्गता भएका तथा पिछडिएका समुदायका बालबालिकाको सहभागिता ।

७. कार्यक्रम कार्यान्वयन अवस्था

सञ्चालन भएका शैक्षिक कार्यक्रम, उपलब्धि, चुनौती तथा प्रभाव ।

८. अनुगमन तथा मूल्यांकन विवरण

विद्यालय अनुगमन, निरीक्षण, सुझाव तथा सुधारका कार्यहरू ।

९. समस्या, चुनौती तथा समाधानका उपाय शिक्षा क्षेत्रमा देखिएका समस्याको पहिचान तथा समाधानका लागि गरिएका प्रयासहरू ।

१०. भविष्यका योजना तथा सिफारिस

आगामी वर्षका लागि सुधारका क्षेत्र, प्राथमिकता तथा आवश्यक योजनाहरू ।

## परिच्छेदः १ परिचय

### १.१ वर्तमान अवस्था

डडेल्धुरा जिल्लाका तत्कालिन रुपाल, भागेश्वर र बगरकोट गाविसहरु मिलाएर भागेश्वर गाउँपालिका निर्माण गरि यस क्षेत्रको महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्र भागेश्वर देवताको नामबाट यस गाउँपालिकाको नामाकरण

गरिएको छ।भागेश्वर गाउँपालिका सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला डडेल्धुरामा रहेको छ । यस गाउँपालिकामा ५ वटा वडाहरु रहेका छन्।प्राकृतिक स्रोतको दृष्ट्रिकोणले सम्भावनायुक्त तथा भरिपूर्ण, मानवीय स्रोतको दृष्टिकोणबाट नेतृत्त्व क्षमतायुक्त राजनीतिक दल र सचेत एवम् उत्प्रेरित गाउँ बासी यस गाउँपालिकाको दिगो विकासका आधार स्तम्भका रुपमा रहेका छन् । हिन्दू धर्मावलम्बीको अत्याधिक बाहुल्यता (करिव१००%) रहेको यस क्षेत्रमा विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहनुका साथै विभिन्न चाडपर्वहरु मनाइने गरिन्छ । यस गाउँपालिका ५ वटै वडाहरुको आ-आफ्नै अलग अलग विशेषता रहेको छ । प्राकृतिक सम्पदामा सुसम्पन्न यो गाउँपालिका महाभारत क्षेत्रको घनघोर जंगल देखि लिएर जस्ता धार्मिक क्षेत्रहरु भागेश्वर क्षेत्र तथा सुन्दर साइल झर्ना, अन्न उत्पादनको लागि Bread Basket राल्ड र जिल्ला कै सांस्कृतिक महत्वको पर्व रुपालको होली यसका मुख्य विशेषता रहेका छन् । यसै गरि बगरकोटको उत्पादित तरकारी र वडा नं.४ र ५ मा फल्ने सुन्तला र मौसमको उत्पादन यस पालिकाको चिनारी बन्ने गरेको छ ।

सुदूरपश्चिम प्रदेश डडेल्धुरा जिल्लाको सदरमुकाम देखि ७ किलोमिटर पश्चिममा प्रारम्भि सिमाना रहेको भागेश्वर गाउँपालिकाको क्षेत्रफल २३३.३८ वर्ग किमि रहेको छ।गाउँपालिकाको पूर्वमा अमरगढी नगरपालिका, पश्चिममा भारत, उत्तरमा अजयमेरु गाउँपालिका र दक्षिणमा परशुराम नगरपालिका र आलिताल गाउँपालिकासँग सिमाना जोडिएको छ । भारतसँगको सिमाना महाकाली नदी र भागेश्वरसँगको सिमाना खोलाले छुट्याएको छ । यस गाउँपालिकाको हावापानी समशितोष्ण र शितोष्ण रहेको छ । महाभारतको लेक तथा अन्य उच्च भागमा हिँउदको समयमा हिँउ पर्ने भएकोले समयानुसार तापक्रम चिसो र गर्मी हुने गर्दछ।यस क्षेत्रको अधिकांश भू गाग बनजंगलले अगोटेको छ । यस क्षेत्रको महत्वपूर्ण भूभागका रुपमा रहेको बन क्षेत्रमा धूपीसल्ला, सल्ला, बाज तिखाज, गुराँस, साल,विभिन्न किसिमका जटिवुटीहरु तथा बुट्यानहरुको वन रहेको छ । यस गाउँपालिकामा अवस्थित महाभारत लेक महत्वपूर्ण सम्पदाको रुपमा रहेको छ।भागेश्वर गाउँपालिकाको महत्वपूर्ण क्षेत्र महाभारत लेक तथा यस क्षेत्रमा पाइने जटीबुडीका साथै मनोरम दृश्य र दुर्लभ मानिने पाटे बाघको वासस्थान रहेकोले पनि यो क्षेत्र विशेष हुने गरेको छ । भागेश्वर मन्दिर क्षेत्र, साइल झरना, गर्ग क्षेत्र लगायतका क्षेत्रहरु धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपुर्ण रहेका छन् ।

**जनसङ्ख्याः**

वि.सं. २०७८ सालको जनगणना अनुसार भागेश्वर गाउँपालिकाको जनसङ्ख्या १३१३२ रहेको छ । जस मध्ये पुरुषको जनसंख्या ६३०४ र महिलाको जनसंख्या ६८२८ रहेको छ ।लैङ्गिक अनुपात ९२.३३ रहेको छ ।यस पालिकाबाट अन्यत्र बसाइसरी जानेको संख्या दिन प्रतिदिन बढ्दो रहेको छ । शिक्षा स्वास्थ्य र रोजगारीका लागि मानिहरु दिनप्रतिदिन बसाइ सराइ गरी गरिहेका छन ।

**साक्षरताको अवस्थाः**

यस गाउँपालिकाको नेपाल सरकार (साविक जिल्ला शिक्षा कार्यालय डडेल्धुरा) बाट २०७४ सालमा साक्षर गाउँपालिका घोषणा गरिएको थियो । यसमा प्रत्येक साविकका सामुदायिक सिकाइ केन्द्रहरुको मार्फत तथ्याङ्क सङ्कलनका आधारमा निम्न तालिका अनुसार रहेको छ । जस अनुसार यस गाउँपालिकाको साक्षरता प्रतिशत ९७.४ रहेको छ ।

तालिका १ : वडागत साक्षरता प्रतिशत

साविक गाविस साक्षरता प्रतिशत

बगरकोट ९८.१

रुपाल ९७.५

भागेश्वर ९६.६

जम्मा ९७.४

स्रोतः साक्षरता घोषणा २०७३ जिल्ला शिक्षा कार्यालय डडेल्धुरा ।

**वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्थाः**

यस भागेश्वर गाउँपालिका अन्तरगत ३२ वटा सामुदायिक विद्यालयहरु रहेका छन भने संस्थागत विद्यालय छैनन् ।त्यसै गरी २८ वटा विद्यालयमा प्रारम्भिक वालविकास केन्द्रमा ३० जना कार्यरत रहेका छन । विस्तृतमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**विद्यालयगत विवरणः**

| **क्र.सं.** | **सञ्चालित कक्षा** | **संख्या** |
|---|---|---|
| १ | आधारभुत तह (कक्षा १-३) | २ |
| २ | आधारभुत तह (कक्षा १-५) | १५ |
| ३ | आधारभुत तह (कक्षा १-८) | ७ |
| ४ | माध्यमिक तह (कक्षा १-१०) | ५ |
| ५ | माध्यमिक तह (कक्षा १-१२) | ३ |
| **जम्मा संख्या** | | **३२** |

**वडागत विद्यालय संख्या विवरणः**

| क्र. सं. | वडा नं. | सञ्चालित कक्षा | | जम्मा विद्यालय संख्या |
|---|---|---|---|---|
| | | आधारभुत तह | माध्यमिक तह | |
| १ | १ | ७ | २ | ९ |
| २ | २ | ३ | १ | ४ |
| ३ | ३ | ६ | २ | ८ |
| ४ | ४ | ६ | १ | ७ |
| ५ | ५ | २ | २ | ४ |
| ***जम्मा*** | | **२४** | **८** | **३२** |

**शिक्षक दरबन्दी विवरणः**

| शिक्षक दरबन्दी विवरण २०८३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक तह | | | निम्नमाध्यमिक तह | | | माध्यमिक तह | | |
| स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा |
| ८६ | ९ | ९५ | २३ | ७ | ३० | १३ | ८ | २१ |

| साविक उच्च माध्यमिक तह (कक्षा ११-१२) | | | प्राविधिक धार तर्फः बाली विज्ञान | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा | विद्यालय संख्या | कक्षा ९-१० | | कक्षा ११-१२ | | जम्मा |
| | | | | सहायक प्रशिक्षक | प्रशिक्षक | बरिष्ठ प्रशिक्षक | विज्ञान शिक्षक | |
| ४ | २ | ६ | १ | २ | २ | २ | २ | ८ |
| **नुमना विद्यालय र प्राविधिक विद्यालयः** श्री सरस्वती नमुना मा वि भागेश्वर ३ बोगटा | | | | | | | | |

**ECD** संख्याः ३० वटा (२८ वटा विद्यालयमा)

**ECD** नभएका विद्यालय संख्याः ४ वटा

यस भागेश्वर गाउँपालिका अन्तरगत ३४ वटा सामुदायिक विद्यालयहरु तथा १ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ३४ वटा विद्यालयहरु रहेका छन् । विद्यालयमा आधारित २५ वटा र समुदायमा आधारित ५ वटा गरी ३० वटा प्रारम्भिक बालविकास कक्षाहरु रहेका छन् । सामुदायिक सिकाइ केन्द्र ३ वटा रहेका छन् । प्रारम्भिक बालविकास कक्षामा ३० जना सहजकर्ता / बालविकास शिक्षकहरु रहेका छन् । आधारभूत तहमा १२५ जना र माध्यमिक तहमा २९ जना ( प्राविधिक धार तर्फका प्रशिक्षक समेत) गरी जम्मा १५४ जना शिक्षकहरु स्वीकृत दरबन्दी तथा राहतमा, अनुदान र स्वयंसेबक गरी कार्यरत रहेका छन । सामुदायिक सिकाइ केन्द्रमा ३ जना परिचालक कार्यरत छन् । यसै गरी विद्यालय सहायक कर्मचारी ८ जना र विद्यालय सहयोगी कर्मचारी ३३ जना गरी जम्मा ४१ जना रहेका छन् ।

तालिका ३ः वडागत शैक्षिक संस्थाहरुको विवरणः २०७८

३.४ भागेश्वर गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको सङ्ख्या ३२

### १.२) मुख्य समस्या तथा चुनौतीको विश्लेषण

भागेश्वर गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा भर्ना भई अध्ययनरत प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न आवश्यक वातावरण निर्माण गर्नु आजको प्रमुख आवश्यकता बनेको छ । गाउँपालिका क्षेत्रभित्र

रहेका सबै विद्यालयहरूमा बालमैत्री तथा सुरक्षित भौतिक संरचना निर्माण, कक्षागत तथा विषयगत आधारमा पर्याप्त शिक्षक व्यवस्थापन, शिक्षकहरूको ज्ञान, सीप तथा क्षमताको निरन्तर विकासमार्फत प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक देखिन्छ । यसका लागि शिक्षकहरूको पेशागत तालिम सञ्चालन तथा निरन्तरता अपरिहार्य रहेको छ गाउँपालिकाका केही दुर्गम बस्तीहरूमा विद्यालय शिक्षामा पहुँचको अवस्था अझै सन्तोषजनक हुन सकेको छैन । आर्थिक, सामाजिक तथा भौगोलिक कारणले केही बालबालिकाहरू नियमित रूपमा विद्यालय जानबाट वञ्चित हुने अवस्था विद्यमान छ । साथै विद्यालय छोड्ने दर तथा कक्षा दोहोऱ्याउने (दोहोऱ्याइने) दर उच्च रहनु शिक्षा क्षेत्रको महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ । यसले सिकाइ उपलब्धिमा नकारात्मक असर पार्नुका साथै विद्यालय शिक्षाको समग्र गुणस्तरमा समेत प्रभाव पारेको छ ।

त्यसैगरी, अभिभावकहरूमा बालबालिकाको भविष्यप्रति सकारात्मक सोच तथा जिम्मेवारी अभिवृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षाको विकास गरी शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु वर्तमान समयको आवश्यकता हो । विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि पुस्तकालय, विज्ञान प्रयोगशाला लगायतका शैक्षिक स्रोतहरूको उचित व्यवस्थापन तथा प्रभावकारी प्रयोग सुनिश्चित गर्नुपर्ने अवस्था रहेको छ । साथै, प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गरी सीपयुक्त, सक्षम र आत्मनिर्भर नागरिक उत्पादन गर्न विशेष प्रयास आवश्यक छ । यी सम्पूर्ण उद्देश्य प्राप्तिका लागि गाउँपालिकाले शैक्षिक पहुँच विस्तार, सिकाइ उपलब्धि सुधार, विद्यालय छोड्ने दर न्यूनीकरण, समावेशी शिक्षा प्रवर्द्धन तथा गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विभिन्न शैक्षिक, भौतिक, प्राविधिक तथा व्यवस्थापकीय चुनौतीहरूको सामना गर्दै योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने अवस्था रहेको छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतिको SWOT विश्लेषण

**Strengths (सबल पक्ष)**

- स्थानीय तहलाई शिक्षा व्यवस्थापनको संवैधानिक अधिकार प्राप्त हुनु ।
- विद्यालयहरूको आधारभूत संरचना क्रमशः विस्तार हुँदै जानु ।
- समुदाय तथा अभिभावकको विद्यालयप्रतिको चासो बढ्दै जानु ।
- शिक्षकहरूको पेशागत विकासका लागि तालिम तथा क्षमता अभिवृद्धिका अवसर उपलब्ध हुनु ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार हुँदै जानु ।
- बालबालिकाको विद्यालय भर्ना दरमा सुधार आउनु ।
- संघ, प्रदेश र स्थानीय तहबाट शिक्षा क्षेत्रमा लगानी वृद्धि हुनु ।

**Weaknesses (दुर्बल पक्ष)**

- दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षामा पहुँचको कमी हुनु ।
- विद्यालय छोड्ने दर तथा कक्षा दोहोऱ्याउने दर उच्च हुनु ।
- विषयगत तथा कक्षागत शिक्षक अभाव रहनु ।
- केही विद्यालयमा भौतिक पूर्वाधार अपर्याप्त हुनु ।

- शिक्षण सिकाइ प्रक्रियामा आधुनिक प्रविधिको सीमित प्रयोग हुनु ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर हुनु ।
- पुस्तकालय, प्रयोगशाला तथा शैक्षिक सामग्रीको प्रभावकारी उपयोग हुन नसक्नु ।
- अभिभावकको नियमित सहभागिता तथा निगरानी कमजोर हुनु ।

**Opportunities (अवसर)**

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत डिजिटल शिक्षाको विस्तार गर्न सकिने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास गरी सीपयुक्त जनशक्ति उत्पादन गर्न सकिने ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य गर्ने अवसर हुनु ।
- शिक्षा क्षेत्रमा नवीन नीति तथा सुधार कार्यक्रम लागू भइरहनु ।
- स्थानीय स्रोत, भाषा, संस्कृति तथा वातावरणलाई शिक्षासँग जोड्न सकिने ।
- शिक्षक तथा विद्यार्थीका लागि अनलाइन सिकाइ र तालिमको अवसर विस्तार हुनु ।
- बालमैत्री तथा समावेशी विद्यालय विकासका कार्यक्रम सञ्चालन गर्न सकिने ।

**Threats (खतरा / चुनौती)**

- आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका विद्यालय बाहिर रहने जोखिम ।
- वैदेशिक रोजगार तथा बसाइँसराइका कारण विद्यार्थी संख्या घट्दै जानु ।
- प्रविधिको असन्तुलित प्रयोगले विद्यार्थीमा नकारात्मक प्रभाव पर्नु ।
- प्राकृतिक विपद् तथा महामारीका कारण शिक्षण सिकाइ प्रभावित हुनु ।
- बेरोजगारी तथा गरिबीका कारण विद्यालय छोड्ने दर बढ्नु ।
- निजी तथा सामुदायिक विद्यालयबीच गुणस्तरमा असन्तुलन बढ्नु ।
- पर्याप्त बजेट तथा स्रोत—साधनको अभाव हुनु ।

## १.४ अवसरहरु

वर्तमान समयमा शिक्षा सम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गर्ने, नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने तथा शिक्षा क्षेत्रलाई प्रभावकारी रूपमा अगाडि बढाउने सन्दर्भमा स्थानीय तहसँग विभिन्न अवसरहरू रहेका छन्। संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय तहलाई शिक्षा क्षेत्रको योजना निर्माण, कार्यान्वयन तथा अनुगमनमा महत्वपूर्ण अधिकार प्राप्त भएको छ। यसले स्थानीय आवश्यकता र अवस्थाअनुसार शिक्षा क्षेत्रलाई व्यवस्थित तथा परिणाममुखी बनाउने अवसर सिर्जना गरेको छ। शिक्षा योजना निर्माण तथा कार्यान्वयनका लागि रहेका प्रमुख अवसरहरू निम्नानुसार छन् :

- ➢ स्थानीय सरकारले संघीय सरकारको शिक्षा सम्बन्धी नीति, नियम तथा मापदण्डसँग नबाझिने गरी स्थानीय शिक्षा नीति, कानुन, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन गर्न सक्ने व्यवस्था हुनु ।

- संघीय संरचनाअनुसार स्थानीय तह स्वायत्त भई स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्न सक्ने अवस्था सिर्जना हुनु ।
- स्थानीय तहलाई योजना तथा बजेट निर्माणमा स्वायत्तता प्राप्त हुनु, जसले शिक्षा क्षेत्रमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सहजता प्रदान गर्नु ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ कार्यान्वयनमा आउनु तथा गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिइनु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन भई स्थानीय सन्दर्भअनुसार शिक्षण सिकाइलाई प्रभावकारी बनाउने अवसर प्राप्त हुनु ।
- स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षा क्षेत्रको समग्र गुणस्तर सुधार तथा सेवा प्रवाह प्रभावकारी बनाउने योजनाबद्ध प्रयास सुरु हुनु ।
- स्थानीय सरकारले आवश्यकताअनुसार स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न सक्ने कानुनी प्रावधान हुनु, जसले स्थानीय भाषा, संस्कृति, कला तथा सीपलाई शिक्षासँग जोड्ने अवसर प्रदान गर्नु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी विभिन्न अधिकार स्थानीय तहलाई प्रदान गरिएको हुनु ।
- शिक्षा पहुँचबाट टाढा रहेका समुदायका लागि अनौपचारिक, सीपमूलक, व्यवसायिक तथा आयमूलक शिक्षा सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रमार्फत कार्यक्रम विस्तार गर्ने अवसर हुनु ।
- अपाङ्गता भएका बालबालिका, विपन्न वर्ग तथा प्रौढ शिक्षार्थीका लागि समावेशी तथा समाहित शिक्षाको अवधारणाअनुसार विशेष कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था हुनु ।
- सूचना तथा सञ्चार प्रविधिको विस्तारसँगै डिजिटल शिक्षण सिकाइ, ई–लर्निङ तथा प्रविधिमैत्री विद्यालय विकास गर्ने अवसर बढ्दै जानु ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गैरसरकारी संघसंस्था, विकास साझेदार तथा अभिभावकहरूको सहकार्य र लगानीमार्फत शिक्षा क्षेत्रको दिगो विकास गर्न सकिने अवस्था रहनु ।

### दीर्घकालीन सोच र गन्तव्य

गाउँपालिकास्तरमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्न सक्ने ज्ञान र सीप भएका दक्ष एवम् सक्षम नागरिकको उत्पादन गर्नु र भागेश्वर गाउँपालिकालाई शैक्षिकथलको रुपमा स्थापित गर्नु ।

### गाउँ शिक्षा क्षेत्र योजनाका प्रमुख उद्देश्यहरु

गाउँ शिक्षा क्षेत्र योजनाका प्रमुख उद्देश्यहरु निम्नानुसार छन्:-

- भागेश्वर गाउँपालिकाका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्कसहित शिक्षामा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु,
- गाउँपालिकाभित्रको शिक्षा प्रणालीमा सुशासन कायम गरी पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको विकास गर्नु,
- ज्ञान, विज्ञान र प्रविधिको विकाससँगै आएको नवीन परिवर्तन शिक्षा क्षेत्रमा समावेश गर्नु ।

गाउँ शिक्षा क्षेत्र योजनाका मुख्य रणनीतिहरु

- प्रारम्भिक बालविकासको व्यवस्थापन गर्दै सो तहको शिक्षा सबै बालबालिकाहरुका लागि अनिवार्य गर्ने,
- अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकास, जागरुक र जवाफदेही बनाउने,
- प्रतिभा पलायनबाट बच्नमागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालीमो विकास गरी सीपयुक्त जनशक्ति तयार पार्ने,
- युवाहरुका लागि यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन गरी गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- नागरिकहरुलाई कामको संसारसँग परिचित गराई सीपको प्रमाणीकरणको व्यवस्था मिलाइने,
- शिक्षाको समग्र गुणस्तर कायम गर्न विदयालयमा गरिएको लगानीको प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने,
- सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने ।

**अपेक्षित उपलब्धिहरु**

यस १०बर्षे शिक्षा योजनाले आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुग्राउने, माध्यमिक तहको खुद भर्नादर ७५ प्रतिशत पुग्राउने,आधारभूत तहको कुल भर्नादर १०० प्रतिशत पुर्याउने, माध्यमिक तहको कुलभर्नादर ८० प्रतिशतमा लग्ने, सबै तहको टिकाउ दर १०० प्रतिशत पुग्राउने, लैङ्गिक समता सूचक १०० पुग्राउने, विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या शुन्यमा झार्ने, कक्षा दोहोर्याउने दर शुन्यमा झार्ने, पन्ध्र बर्ष भन्दा माथिको साक्षरता दर १०० प्रतिशत पुग्राउने र भागेश्वर गाउँपालिकाले आफ्नो बार्षिक कुल समानीकरण बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने लक्ष्य राखेको छ ।

यी माथि उल्लेखित संवैधानिक अधिकार, नीति नियम तथा योजनाको कार्यान्वयन गरी सबै बालबालिका तथा व्यक्तिलाई समतामूलक, समावेशी, गुणात्मक तथा जीवनपर्यन्त शिक्षाको सुनिश्चितता गर्न तथा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि २०७८ असारमा मात्र रहेको छ र गाउँपालिकामा पनि शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्रको योजना हाल सम्म बनी नसकेको हुँदा यस गाउँपालिकाले २०७८ देखि २०८७ सम्मको १० बर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको हो ।

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षायोजना निर्माण गर्दा लिनुपर्ने आधार

शिक्षा प्राप्ति बालबालिकाहरुको नैसर्गिक अधिकार हो । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रुपमा राख्दै अनिवार्य तथा निशुल्क शिक्षाको प्रत्याभूत गरेको छ । यस्तै नेपालले विभिन्न समयमा आयोजना गरिएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्मेलनहरुमा समेत शिक्षा विकासका लागि निर्धारित लक्ष्यहरुको प्राप्तिका लागि निरन्तर प्रयासरत रहेको छ । यस शिक्षा योजना निर्माणका लागि नेपाल सरकारले गरेका शिक्षा सम्बन्धी कानुन तथा नीतिहरु र नेपाल सरकारले राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा गरेका प्रतिबद्धता हरुलाई मुख्य आधारहरुको रुपमा लिइएको छ ।

### नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक अन्तरगत धारा ३१ मा शिक्षा सम्बन्धी व्यवस्था गरिएको मौलिक हकको व्यवस्था निम्नानुसार गरिएको छः

१. प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ ।

३. अपाङ्गताभएका र आर्थिकरुपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकहुनेछ ।

४. दृष्टिविहीन नागरीकलाई ब्रेललिपि तथा बहिरा रस्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

धारा ३९ मा बालबालिकाको हक अर्न्तगत बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बालविकासको हक हुने छ भन्ने व्यवस्था गरिएको छ । साथै भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायीत्व अर्न्तगत (ज) मा नागरीकका आधारभूत आवश्यकता सम्बन्धी देहाएका नीतिहरु राखिएका छन ।

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यवसायीक, सीपमुलक, रोजगारमूलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने ।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशःनिःशुल्क बनाउँदै लैजाने ।

४. नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र रपुस्तकालयको स्थापना र पर्वर्द्धन गर्ने नेपालको संविधान (२०७२) को अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था र अनुसुचि ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा (२) शिक्षा, खेलकुद र पत्रपत्रिका सम्बन्धी व्यवस्था गरिएकोछ ।

**स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार शिक्षा सम्बन्धी स्थानीय तहका (विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरु) काम कर्तव्य र अधिकारका रुपमा तोकिएका देहायका कामहरू गर्ने जिम्मेवारी रहेको छः

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमित अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन,
- गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्त्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिबृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीहरुको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धि**

संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन महासन्धि घोषणा भए अनुसार महासन्धिको धारा २८ मा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउने दायीत्व उल्लेख गरिएको छ । यसै गरी धारा २९ मा शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने तथा धारा ३२ मा स्वास्थ्य शिक्षा र विकासमा हानी पुग्ने प्रकारले काममा लगाएर बालश्रम गर्न नहुने कुरा उल्लेख गरेकोछ ।

**दिगोविकासका लक्ष्यहरू (२०३०)**

सन्२०३०सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि जम्मा १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरेको छ । यी लक्ष्यहरू मध्ये लक्ष्य ४ मा दिगो विकासको लक्ष्यले शिक्षा सम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ । जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुराको उल्लेख गरेको छ, जसमा नेपालले पनि प्रतिबद्धता जनाएको छ।

**विद्यालय शिक्षा क्षेत्र योजना**

विद्यालय शिक्षा क्षेत्र योजना विद्यालय शिक्षाको समग्र विकास, गुणस्तर सुधार, पहुँच विस्तार तथा प्रभावकारी व्यवस्थापनका लागि तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षालाई समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी बनाउने उद्देश्य राखेको छ । नेपालको वर्तमान शैक्षिक सन्दर्भमा विद्यालय शिक्षामा समान पहुँच सुनिश्चित गर्नु, सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गर्नु, बालमैत्री तथा सुरक्षित सिकाइ वातावरण निर्माण गर्नु र विद्यालय व्यवस्थापनलाई उत्तरदायी तथा प्रभावकारी बनाउनु यसको मुख्य लक्ष्य रहेको छ ।

यस योजनामार्फत विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, शिक्षकको पेशागत क्षमता अभिवृद्धि, पाठ्यक्रम तथा मूल्यांकन प्रणाली सुधार, सूचना तथा सञ्चार प्रविधिको विस्तार, पुस्तकालय तथा विज्ञान प्रयोगशालाको प्रभावकारी उपयोग, समावेशी तथा विशेष शिक्षाको प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालन गरिन्छ। साथै प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गरी सीपयुक्त, सक्षम तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यसमेत यस योजनाले लिएको छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाले संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य कायम गर्दै शिक्षा क्षेत्रलाई योजनाबद्ध, व्यवस्थित तथा परिणाममुखी बनाउने आधार प्रदान गर्दछ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट गुणस्तरीय शिक्षा सुनिश्चित भई समग्र मानव विकास तथा सामाजिक—आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**सोह्रौ पञ्चवर्षिय योजना (२०८१/८२ -२०८५/८६)**

सोह्रौं पञ्चवर्षीय योजना नेपाल सरकारद्वारा देशको समग्र आर्थिक, सामाजिक तथा संस्थागत विकासलाई लक्ष्य गरी तयार गरिएको राष्ट्रिय विकास योजना हो। यस योजना कार्यान्वयन अवधि आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म निर्धारण गरिएको छ। योजनाले “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय आकांक्षा पूरा गर्ने

दीर्घकालीन लक्ष्यलाई आधार मानेर उत्पादन, रोजगारी, सुशासन, सामाजिक न्याय तथा दिगो विकासलाई प्राथमिकतामा राखेको छ ।

यस योजनाले शिक्षा क्षेत्रलाई मानव पूँजी विकासको आधारका रूपमा स्वीकार गर्दै गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामा विशेष जोड दिएको छ। विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने, सिकाइ उपलब्धि सुधार गर्ने, विद्यालय छोड्ने दर घटाउने तथा दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्य राखिएको छ। साथै प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, शिक्षक क्षमता विकास तथा अनुसन्धानमूलक शिक्षालाई पनि प्राथमिकतामा समावेश गरिएको छ ।

सोह्रौं पञ्चवर्षीय योजनाले संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्यमार्फत शिक्षा क्षेत्रको विकास गर्ने नीति लिएको छ। स्थानीय आवश्यकता र सम्भावनाअनुसार शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा स्थानीय तहको भूमिका सुदृढ गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट समावेशी विकास, मानव संसाधन उत्पादन तथा राष्ट्रको सामाजिक—आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन, २०७५**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ मा तपसीलका व्यवस्थाहरू गरिएको छ ।

**परिच्छेद २** शिक्षामा नागरिकको पहुँच र राज्यको दायीत्व अर्न्तगत

दफा ३. शिक्षा प्राप्त गर्ने अधिकार ।

दफा ३.शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने ।

दफा ४.नागरीकको कतर्व्यको  व्यवस्था ।

अनिवार्य तथा निःशुल्क शिक्षा अर्न्तगत

दफा ५.अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने ।

दफा ६.बालबालिका भर्ना गराउनुपर्ने ।

दफा ८. पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त  गर्नुपर्ने र

दफा ९. भर्ना गर्न इन्कार गर्न नहुने ।

## २.२ दूरदृष्टि

"गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा सीपमूलक शिक्षामार्फत सक्षम, सभ्य, आत्मनिर्भर र प्रतिस्पर्धी नागरिक उत्पादन गर्दै समृद्ध तथा शिक्षित भागेश्वर गाउँपालिका निर्माण गर्ने ।"

## २.३ लक्ष्य

भागेश्वर गाउँपालिकाभित्रका सबै बालबालिकालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामा समान पहुँच सुनिश्चित गर्दै सक्षम, सीपयुक्त र जिम्मेवार नागरिक उत्पादन गर्नु यस योजनाको मुख्य लक्ष्य रहेको छ । विद्यालय

## २.४ उद्देश्य

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षासहित आधारभूत तथा माध्यमिक शिक्षामा समान र समावेशी पहुँच सुनिश्चित गर्नु ।

२. विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, प्रविधिमैत्री तथा सिकाइ उपलब्धिमूलक बनाउनु ।

३. विद्यालय छोड्ने दर तथा कक्षा दोहोर्‍याउने दर न्यूनीकरण गर्दै बालमैत्री, सुरक्षित र समावेशी सिकाइ वातावरण निर्माण गर्नु ।

४. शिक्षकहरूको पेशागत क्षमता विकास, प्रभावकारी व्यवस्थापन तथा विद्यालय सुशासन सुदृढ गर्नु ।

५. प्राविधिक, व्यवसायिक तथा सीपमूलक शिक्षाको सुदृढीकरण गरी सक्षम, आत्मनिर्भर र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु ।

६. विपद् तथा आपतकालीन अवस्थामा पनि बालबालिकाको शिक्षामा निरन्तरता सुनिश्चित गर्दै सुरक्षित विद्यालय प्रणाली विकास गर्नु ।

७. साक्षरता, निरन्तर सिकाइ तथा आजीवन सिकाइका अवसर विस्तार गरी सबै नागरिकको ज्ञान, सीप र क्षमताको आधारमा अनुभवजन्य सिकाइलाई मान्यता दिँदै रोजगारीमुखी तथा सीपयुक्त मानव संसाधन विकास गर्नु ।

## २.५ रणनीति

**उद्देश्य नं १ संग सम्बन्धित रणनीतिहरु**

- विद्यालय नक्साङ्कन गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच विस्तार गर्ने ।
- आर्थिक रुपले विपन्न, दलित, बालिका, अपाङ्गता तजा जोखिममा रहेका बालबालिकाका लागि लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय भर्ना अभियान तथा घरदैलो कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने ।
- प्रारम्भिक बालविकास केन्द्र (ECD) को विस्तार र सुदृढीकरण गर्ने ।

**उद्देश्य नं २ संग सम्बन्धित रणनीतिहरु**

- ICT मा आधारित शिक्षण सिकाइ प्रणाली विस्तार गर्ने।
- स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गर्ने।
- शिक्षकहरूलाई विषयगत तथा प्रविधिमैत्री तालिम प्रदान गर्ने।
- नियमित विद्यार्थी मूल्यांकन तथा सुधारात्मक शिक्षण प्रणाली लागू गर्ने

**उद्देश्य नं ३ संग सम्बन्धित रणनीतिहरु**

- विद्यालयको नियमित अनुगमन गरी विद्यालय छोड्ने जोखिममा रहेका बालबालिका पहिचान गर्ने ।
- विद्यालयमा दिवा खाजा, पोषण तथा स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउने ।
- बालमैत्री पूर्वाधार (शौचालय, खेलमैदान, सुरक्षित कक्षा) विकास गर्ने ।
- अतिरिक्त सिकाइ सहयोग (remedial class) सञ्चालन गर्ने ।

**उद्देश्य नं ४ संग सम्बन्धित रणनीतिहरु**

- नियमित शिक्षक तालिम, कार्यशाला तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- कार्यसम्पादन मूल्यांकनका आधारमा प्रोत्साहन तथा पुरस्कार प्रणाली लागू गर्ने ।
- विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने ।
- अनुगमन, मूल्यांकन तथा रिपोर्टिङ प्रणाली सुदृढ गर्ने ।

**उद्देश्य नं ५ संग सम्बन्धित रणनीतिहरु**

- माध्यमिक तहमा सञ्चालित प्राविधिक धारको सुदृढीकरण गर्ने ।
- प्राविधिक शिक्षाको महत्वबारे विद्यालयतहमा शैक्षिक परामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय रोजगार बजारसँग जोडिएका सीपमूलक तालिम सञ्चालन गर्ने ।
- उद्योग, संस्था तथा स्थानीय तहसँग साझेदारी कार्यक्रम विकास गर्ने ।
- उद्यमशीलता शिक्षा र व्यावसायिक मार्गदर्शन कार्यक्रम सञ्चालन गर्ने ।

**उद्देश्य नं ६ संग सम्बन्धित रणनीतिहरु**

- विपद् जोखिम न्यूनीकरण (DRR) सम्बन्धी विद्यालय योजना तयार गर्ने ।
- आपतकालीन सिकाइ (remote/alternative learning) प्रणाली विकास गर्ने ।
- विद्यालय भवनलाई सुरक्षित तथा विपद् प्रतिरोधी बनाइ विद्यालयमा संयन्त्र निर्माण गर्ने ।
- शिक्षक तथा विद्यार्थीलाई विपद् व्यवस्थापन तालिम प्रदान गर्ने ।

**उद्देश्य नं ७ संग सम्बन्धित रणनीतिहरु**

- सामुदायिक सिकाइ केन्द्रहरू सुदृढ गरी निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।
- अनुभवजन्य सिकाइ (RPL) प्रणालीमार्फत सीप प्रमाणपत्र दिने व्यवस्था गर्ने ।
- प्रौढ साक्षरता तथा पुनःसाक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
- रोजगारमुखी तथा छोटो अवधिका सीप विकास तालिम विस्तार गर्ने ।

## २.६ कार्यनीति

**उदेश्य नं १ संग सम्बन्धि**

**रणनीति १ को कार्यनीति : विद्यालय नक्साङ्कन गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच विस्तार गर्ने ।**

- विद्यालयको भौगोलिक अवस्थाको अध्ययन गरी विद्यालय नक्साङ्कन गरिनेछ ।
- टाढा तथा दुर्गम बस्तीका बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- विद्यालय समायोजन तथा पुनर्वितरणलाई आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।
- सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्न नियमित अनुगमन गरिनेछ ।

**रणनीति २ को कार्यनीति : आर्थिक रूपले विपन्न, दलित, बालिका, अपाङ्गता तथा जोखिममा रहेका बालबालिकाका लागि लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने ।**

- लक्षित वर्गका विद्यार्थीको तथ्याङ्क संकलन गरी अभिलेखीकरण गरिनेछ ।

- छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री उपलब्ध गराइनेछ ।
- जोखिममा रहेका बालबालिकाको शैक्षिक निरन्तरताका लागि विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

रणनीति ३ को कार्यनीति : **विद्यालय भर्ना अभियान तथा घरदैलो कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने ।**

- वार्षिक विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय भर्ना तथा नियमित उपस्थितिलाई प्रोत्साहन गरिनेछ ।

रणनीति ४ को कार्यनीति : **प्रारम्भिक बालविकास केन्द्र (ECD) को विस्तार र सुदृढीकरण गर्ने ।**

- आवश्यकताका आधारमा नयाँ ECD केन्द्र स्थापना गरिनेछ ।
- ECD सहजकर्ताहरूलाई तालिम प्रदान गरिनेछ ।
- बालमैत्री सिकाइ सामग्री तथा वातावरणको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको नियमित अनुगमन गरिनेछ ।

<u>उद्देश्य नं २ संग सम्बन्धित</u>

रणनीति १ को कार्यनीति : ICT **मा आधारित शिक्षण सिकाइ प्रणाली विस्तार गर्ने ।**

- विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेट सुविधा विस्तार गरिनेछ ।
- डिजिटल शिक्षण सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- शिक्षक तथा विद्यार्थीलाई ICT सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- ई—लर्निङ तथा स्मार्ट कक्षा सञ्चालन गरिनेछ ।

रणनीति २ को कार्यनीति : **स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गर्ने ।**

- स्थानीय विषयवस्तु समेटेर पाठ्यक्रम परीमार्जन तथा विकास गरिनेछ ।
- स्थानीय विज्ञ तथा सरोकारवालाको सहभागितामा पाठ्यसामग्री तथा पाठ्यपुस्तक तयार गरिनेछ ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक अभिमुखीकरण गरिनेछ ।
- पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरिनेछ ।

रणनीति ३ को कार्यनीति : **शिक्षकहरूलाई विषयगत तथा प्रविधिमैत्री तालिम प्रदान गर्ने ।**

- मागमा आधारित विषयगत तालिम नियमित सञ्चालन गरिनेछ ।
- प्रविधिमैत्री शिक्षण विधि सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- शिक्षक अनुभव आदानप्रदान तथा विषयगत शिक्षक कार्यशाला कार्यक्रम सञ्चालन गरिनेछ ।
- विषयगत रुपमा शिक्षकहरुसंग कार्यसम्पादन मूल्यांकन करार सम्झौता गरिनेछ ।

**रणनीति ४ को कार्यनीति : नियमित विद्यार्थी मूल्यांकन तथा सुधारात्मक शिक्षण प्रणाली लागू गर्ने ।**

- निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली लागू गरिनेछ ।
- कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।
- सिकाइ उपलब्धिको नियमित समीक्षा गरिनेछ ।
- सुधारात्मक शिक्षण सामग्री विकास तथा प्रयोग गरिनेछ ।

**उद्देश्य नं ३ संग सम्बन्धित**

**रणनीति १ को कार्यनीति : विद्यालयको नियमित अनुगमन गरी विद्यालय छोड्ने जोखिममा रहेका बालबालिका पहिचान गर्ने ।**

- विद्यालय उपस्थितिको नियमित अभिलेख राखिनेछ ।
- जोखिममा रहेका बालबालिकाको पहिचान गरी परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- अभिभावकसँग नियमित समन्वय गरिनेछ ।
- विद्यालय छोड्ने दर न्यूनीकरणका लागि विशेष योजना लागू गरिनेछ ।

**रणनीति २ को कार्यनीतिः विद्यालयमा दिवा खाजा,पोषण तथा स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउने ।**

- विद्यालयमा स्थानीय स्तरमा उत्पादित पोषणयुक्त खाद्यबस्तुलाई दिवा खाजा कार्यक्रममा समावेश गरी दिवाखाजा कार्यक्रम सञ्चालन गरिनेछ ।
- नियमित स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरसफाइ तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- खानेपानी तथा सरसफाइ सुविधा सुदृढ गरिनेछ ।

**रणनीति ३ को कार्यनीतिः बालमैत्री पूर्वाधार विकास गर्ने ।**

- सुरक्षित तथा बालमैत्री कक्षाकोठा निर्माण गरिनेछ ।
- छात्र तथा छात्राका लागि छुट्टाछुट्टै शौचालय व्यवस्था गरिनेछ ।
- विद्यालयमा खेलमैदान तथा मनोरञ्जन स्थल निर्माण गरिनेछ ।
- अपाङ्गमैत्री संरचना विकास गरिनेछ ।

**रणनीति : अतिरिक्त सिकाइ सहयोग (Remedial Class) सञ्चालन गर्ने ।**

- सिकाइमा कमजोर विद्यार्थी पहिचान गरिनेछ ।
- अतिरिक्त कक्षा तथा सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- विषयगत शिक्षक परिचालन गरिनेछ ।
- रोष्टर शिक्षक परिचालन गरिनेछ ।
- सिकाइ सुधारको नियमित मूल्यांकन गरिनेछ ।

**उद्देश्य नं ४ संग सम्बन्धित**

**रणनीति १ को कार्यनीति : नियमित शिक्षक तालिम, कार्यशाला तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।**

- शिक्षकहरूको आवश्यकता पहिचान गरी वार्षिक तालिम योजना तयार गरिनेछ ।
- विषयगत, प्रविधिमैत्री तथा पेशागत तालिम नियमित सञ्चालन गरिनेछ ।
- शिक्षक अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- तालिमपश्चात् शिक्षण सुधारको अनुगमन गरिनेछ ।

**रणनीति २ को कार्यनीतिः कार्यसम्पादन मूल्यांकनका आधारमा प्रोत्साहन तथा पुरस्कार प्रणाली लागू गर्ने ।**

- शिक्षक तथा विद्यालयको कार्यसम्पादन मूल्यांकन मापदण्ड तयार गरिनेछ ।
- उत्कृष्ट शिक्षक तथा विद्यालयलाई वार्षिक रूपमा सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।
- नवप्रवर्तनशील शिक्षण अभ्यासलाई प्रोत्साहन गरिनेछ ।
- कार्यसम्पादन सुधारका लागि पृष्ठपोषण (feedback) प्रणाली लागू गरिनेछ ।

**रणनीति ३ को कार्यनीतिः विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने ।**

- विद्यालय नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गरिनेछ ।
- सुशासन, योजना निर्माण तथा वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ ।
- विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

**रणनीति ४ को कार्यनीतिः अनुगमन, मूल्यांकन तथा रिपोर्टिङ प्रणाली सुदृढ गर्ने ।**

- नियमित विद्यालय अनुगमन तालिका तयार गरी कार्यान्वयन गरिनेछ ।
- अनुगमन प्रतिवेदन तयार गरी सुधारात्मक सुझाव प्रदान गरिनेछ ।
- शैक्षिक तथ्याङ्क व्यवस्थापन तथा रिपोर्टिङ प्रणाली व्यवस्थित गरिनेछ ।
- अनुगमन तथा मूल्यांकनलाई परिणाममुखी बनाइनेछ ।

**उद्देश्य नं ५ संग सम्बन्धित**

**रणनीति १ को कार्यनीतिः माध्यमिक तहमा सञ्चालित प्राविधिक धारको सुदृढीकरण गर्ने ।**

- प्राविधिक धार सञ्चालन भएका विद्यालयमा आवश्यक पूर्वाधार विकास गरिनेछ ।
- प्राविधिक विषयका दक्ष प्रशिक्षक तथा सामग्री व्यवस्थापन गरिनेछ ।
- प्रयोगात्मक शिक्षण सिकाइलाई प्राथमिकता दिइनेछ ।
- प्राविधिक शिक्षाको नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।

**रणनीति २ को कार्यनीतिः प्राविधिक शिक्षाको महत्वबारे विद्यालय तहमा शैक्षिक परामर्श कार्यक्रम सञ्चालन गर्ने ।**

- विद्यार्थी तथा अभिभावक लक्षित परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राविधिक शिक्षासम्बन्धी सचेतना सामग्री वितरण गरिनेछ ।
- सफल प्राविधिक जनशक्तिसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

- विद्यालय तहमा करियर काउन्सिलिङ सेवा विस्तार गरिनेछ ।

**रणनीति ३ को कार्यनीतिः स्थानीय रोजगार बजारसँग जोडिएका सीपमूलक तालिम सञ्चालन गर्ने ।**

- स्थानीय आवश्यकता अनुसार सीपमूलक तालिम पहिचान गरिनेछ ।
- युवाहरूका लागि छोटो अवधिका सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- तालिमलाई स्वरोजगार तथा रोजगारसँग जोडिनेछ ।
- तालिमपश्चात् सीप परीक्षण तथा प्रमाणिकरण गरिनेछ ।

**रणनीति ४ को कार्यनीतिः उद्योग,संस्था तथा स्थानीय तहसँग साझेदारी कार्यक्रम विकास गर्ने ।**

- उद्योग तथा संस्थासँग सहकार्यका लागि समझदारी गरिनेछ ।
- विद्यार्थीका लागि इन्टर्नसिप तथा व्यवहारिक अभ्यासको व्यवस्था गरिनेछ ।
- सीप विकास कार्यक्रम सञ्चालनमा साझेदारी गरिनेछ ।
- रोजगार तथा उद्यम विकास कार्यक्रममा सहकार्य गरिनेछ ।

**रणनीति ५ को कार्यनीतिः उद्यमशीलता शिक्षा र व्यावसायिक मार्गदर्शन कार्यक्रम सञ्चालन गर्ने ।**

- विद्यालयमा उद्यमशीलता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीलाई व्यावसायिक मार्गदर्शन तथा करियर परामर्श प्रदान गरिनेछ ।
- साना उद्यम तथा स्वरोजगार सम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादन तथा व्यवसाय प्रवर्द्धनमा विद्यार्थी सहभागिता बढाइनेछ ।

**उद्देश्य नं ६ संग सम्बन्धित**

**रणनीति १ को कार्यनीतिः विपद् जोखिम न्यूनीकरण (DRR) सम्बन्धी विद्यालय योजना तयार गर्ने ।**

- प्रत्येक विद्यालयमा विपद् व्यवस्थापन योजना तयार गरिनेछ ।
- जोखिमयुक्त क्षेत्र तथा संरचनाको पहिचान गरिनेछ ।
- विद्यालयस्तरीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।
- विपद् सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति २ को कार्यनीतिः आपतकालीन सिकाइ (Remote/Alternative Learning) प्रणाली विकास गर्ने ।**

- वैकल्पिक सिकाइ सामग्री विकास गरिनेछ ।
- अनलाइन तथा दूरशिक्षा प्रणालीको प्रयोग विस्तार गरिनेछ ।
- आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि शिक्षक परिचालन गरिनेछ ।
- विद्यार्थीको सिकाइ पहुँच सुनिश्चित गर्न स्थानीय स्रोत परिचालन गरिनेछ ।

**रणनीति ३ को कार्यनीतिः विद्यालय भवनलाई सुरक्षित तथा विपद् प्रतिरोधी बनाइ विद्यालयमा संयन्त्र निर्माण गर्ने**

- विद्यालय भवनको सुरक्षा परीक्षण गरिनेछ ।

- विपद् प्रतिरोधी भौतिक संरचना निर्माण तथा मर्मत गरिनेछ ।
- विद्यालयमा प्राथमिक उपचार तथा उद्धार सामग्री व्यवस्था गरिनेछ ।
- विद्यालय सुरक्षा संयन्त्र तथा आपतकालीन सम्पर्क प्रणाली विकास गरिनेछ ।

**रणनीति ४ को कार्यनीतिः शिक्षक तथा विद्यार्थीलाई विपद् व्यवस्थापन तालिम प्रदान गर्ने ।**

- विपद् व्यवस्थापन सम्बन्धी नियमित तालिम सञ्चालन गरिनेछ ।
- विद्यालयमा नमुना उद्धार अभ्यास (Mock Drill) सञ्चालन गरिनेछ ।
- प्राथमिक उपचार सम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षक तथा विद्यार्थीलाई विपद् सचेतना सामग्री उपलब्ध गराइनेछ ।

**उद्देश्य नं ७ संग सम्बन्धित**

**रणनीति १ को कार्यनीतिः सामुदायिक सिकाइ केन्द्रहरू सुदृढ गरी निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।**

- सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी आयमुखी क्रियाकलापमा संलग्न गराइनेछ ।
- समुदाय लक्षित निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिकाइ केन्द्रमा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइनेछ ।
- स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरिनेछ ।

**रणनीति २ को कार्यनीतिः अनुभवजन्य सिकाइ (RPL) प्रणालीमार्फत सीप प्रमाणपत्र दिने व्यवस्था गर्ने ।**

- अनुभवजन्य सीप भएका व्यक्तिको पहिचान तथा अभिलेखीकरण गरिनेछ ।
- सीप परीक्षण तथा मूल्यांकन प्रणाली विकास गरिनेछ ।
- सीप प्रमाणिकरणका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
- प्रमाणपत्रलाई रोजगार तथा स्वरोजगारसँग जोडिनेछ ।

**रणनीति ३ को कार्यनीतिः प्रौढ साक्षरता तथा पुनःसाक्षरता कार्यक्रम सञ्चालन गर्ने ।**

- निरक्षर नागरिकको तथ्याङ्क संकलन गरिनेछ ।
- समुदायमा प्रौढ साक्षरता कक्षा सञ्चालन गरिनेछ ।
- महिलामैत्री तथा समावेशी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- साक्षरता कार्यक्रमलाई जीवनोपयोगी सीपसँग जोडिनेछ ।

**रणनीति ४ को कार्यनीतिः रोजगारमुखी तथा छोटो अवधिका सीप विकास तालिम विस्तार गर्ने ।**

- स्थानीय आवश्यकता अनुसार सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- युवाहरू तथा महिलालाई लक्षित रोजगारमुखी तालिम सञ्चालन गरिनेछ ।
- तालिमलाई उद्यमशीलता तथा आयआर्जनसँग जोडिनेछ ।
- तालिमपश्चात् अनुगमन तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धि

- गाउँपालिकाभित्रका सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित हुनेछ ।
- प्रारम्भिक बालविकास शिक्षा प्रभावकारी भई आधारभूत शिक्षाको जग सुदृढ हुनेछ ।
- विद्यालय छोड्ने दर तथा कक्षा दोहोऱ्याउने दरमा उल्लेखनीय कमी आउनेछ ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार हुनेछ ।
- विद्यालयहरू बालमैत्री, सुरक्षित, समावेशी तथा अपाङ्गमैत्री बन्नेछन् ।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विस्तार हुनेछ ।
- शिक्षकहरूको पेशागत क्षमता, दक्षता तथा कार्यसम्पादनमा सुधार आउनेछ ।
- विद्यालय व्यवस्थापन, नेतृत्व विकास तथा शैक्षिक सुशासन सुदृढ हुनेछ ।
- पुस्तकालय, विज्ञान प्रयोगशाला तथा शैक्षिक सामग्रीको प्रभावकारी उपयोग सुनिश्चित हुनेछ ।
- प्राविधिक, व्यवसायिक तथा सीपमूलक शिक्षामा विद्यार्थीको पहुँच र सहभागिता वृद्धि हुनेछ ।
- स्थानीय आवश्यकता अनुसार दक्ष, सीपयुक्त तथा आत्मनिर्भर जनशक्ति उत्पादन हुनेछ ।
- विपद् तथा आपतकालीन अवस्थामा पनि सिकाइ निरन्तरता कायम हुने प्रणाली विकास हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरू सक्रिय भई साक्षरता, निरन्तर सिकाइ तथा आजीवन सिकाइका अवसर विस्तार हुनेछन् ।
- अनुभवजन्य सिकाइ तथा सीपको मान्यता बढ्दै रोजगार तथा स्वरोजगारका अवसर सिर्जना हुनेछन् ।
- अभिभावक, समुदाय तथा सरोकारवालाको विद्यालयप्रति अपनत्व, सहभागिता तथा सहयोग अभिवृद्धि हुनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र सं | सुचक | सुचकहरुको तह | आधारवर्ष | लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १ | प्रारम्भिक बाल शिक्षा तथा बाल विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव लिइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | स्थानिय<br>प्रदेश<br>संघ | ८१.८ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| २ | बालविकासमा कूल भर्नादर **(GER)** | स्थानिय<br>प्रदेश<br>संघ | ७२<br>१०३.८<br>१०१ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| २ | बालविकासमा खुद भर्नादर **(NER)** | स्थानिय<br>प्रदेश<br>संघ | ५५.८<br>७२.९<br>७०.२ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ३ | कक्षा १ मा कूल नयाँ भर्ना | स्थानिय | ७८.८ | ९०%<br>- | ४६%<br>- | ४६%<br>- | ४६%<br>- | ४६%<br>- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दर (GIR[1]) | प्रदेश<br>संघ | १४२.३<br>१४१.१ | - | - | - | - | - |
| ४ | कक्षा १ मा खूद नयाँ भर्ना दर (NIR[2]) | स्थानिय<br>प्रदेश<br>संघ | ९२.४<br>९३.३<br>९३.७ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ५ | आधारभूत तहमा कूल भर्ना दर (GER[3]) | | | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ५.१ | कक्षा १-५ | स्थानिय<br>प्रदेश<br>संघ | १२३.७<br>१३१.८<br>१३०.५ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ५.२ | कक्षा ६-८ | स्थानिय<br>प्रदेश<br>संघ | १२०.६<br>११४.१<br>११५ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ५.३ | कक्षा १-८ | स्थानिय<br>प्रदेश<br>संघ | १२२.४<br>१२४.६<br>१२४.८ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ६ | आधारभूत तहमा खूद भर्ना दर (NER[4]) | | | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ६.१ | कक्षा १-५ | स्थानिय<br>प्रदेश<br>संघ | ९६.७<br>९४.३<br>९४.४ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ६.१२ | कक्षा ६-८ | स्थानिय<br>प्रदेश<br>संघ | ९४<br>९३.६<br>९३.६ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ६.३ | कक्षा १-८ | स्थानिय<br>प्रदेश<br>संघ | ९५.६<br>९४<br>९४.१ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ७ | माध्यमिक तहमा कूल भर्ना दर (GER) | | | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ७.१ | कक्षा ९-१० | स्थानिय<br>प्रदेश | ९६.७<br>९४.९ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | ९९.१ | | | | | |
| ७.२ | कक्षा ११-१२ | स्थानिय<br>प्रदेश<br>संघ | २६<br>५६.१<br>६३.३ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ७.३ | कक्षा ९-१२ | स्थानिय<br>प्रदेश<br>संघ | ५४.२<br>७४.७<br>८०.६ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ८ | माध्यमिक तहमा खूद भर्ना दर (NER) | | | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ८.१ | कक्षा ९-१० | स्थानिय<br>प्रदेश<br>संघ | ८१.३<br>७६.२<br>७५.८ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ८.२ | कक्षा ११-१२ | स्थानिय<br>प्रदेश<br>संघ | २३.९<br>३८.२<br>३७.१ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ८.३ | कक्षा ९-१२ | स्थानिय<br>प्रदेश<br>संघ | ४६.७<br>५६.४<br>५५.८ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ९ | टिकाउ दर | | | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ९.१ | कक्षा ५ | स्थानिय<br>प्रदेश<br>संघ | ८५.३<br>८७.८<br>८७.६ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ९.२ | कक्षा ८ | स्थानिय<br>प्रदेश<br>संघ | ८४.८<br>८५.२<br>८६.५ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| ९.३ | कक्षा १० | स्थानिय<br>प्रदेश<br>संघ | ६४.७<br>६७.२<br>६६.९ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| १० | बिद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या ५-१२ | स्थानिय<br>प्रदेश<br>संघ | १२४ | | | | | |
| ११ | लैङ्गिक अनुपात | | | | | | | |
| ११.१ | कक्षा १-५ | स्थानिय | ०.९१ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश<br>संघ | ०.९४<br>०.९१ | | | | | |
| ११.२ | कक्षा ६-८ | स्थानिय<br>प्रदेश<br>संघ | १.१०<br>१.००<br>०.९४ | | | | | |
| ११.३ | कक्षा १-८ | स्थानिय<br>प्रदेश<br>संघ | ०.९८<br>०.९६<br>०.९२ | | | | | |
| ११.४ | कक्षा ९-१० | स्थानिय<br>प्रदेश<br>संघ | ०.९६<br>१.००<br>०.९६ | | | | | |
| ११.५ | कक्षा ११-१२ | स्थानिय<br>प्रदेश<br>संघ | १.६४<br>१.०४<br>०.९७ | | | | | |
| ११.६ | कक्षा ९-१२ | स्थानिय<br>प्रदेश<br>संघ | १.१२<br>१.०२<br>०.९६ | | | | | |
| **१२** | **उतिर्ण दर** | | | | | | | |
| १२.१ | कक्षा १-५ | स्थानिय<br>प्रदेश<br>संघ | ७१.८<br>८०.२<br>८३.० | | | | | |
| १२.२ | कक्षा ६-८ | स्थानिय<br>प्रदेश<br>संघ | ६८.५<br>८२.६<br>८७.४ | | | | | |
| १२.३ | कक्षा ९-१० | स्थानिय<br>प्रदेश<br>संघ | ८७.८<br>९१.०<br>९२.२ | | | | | |
| **१३** | **कक्षा दोहर्याउने दर** | | | | | | | |
| १३.१ | कक्षा १-५ | स्थानिय<br>प्रदेश<br>संघ | २०.८<br>११.३<br>८.७ | | | | | |
| १३.२ | कक्षा ६-८ | स्थानिय<br>प्रदेश<br>संघ | २५.३<br>१२.५<br>७.२ | | | | | |
| १३.३ | कक्षा ९-१० | स्थानिय | ४.९ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश<br>संघ | ४.२<br>३.२ | | | | | |
| **१४** | **बिद्यालय छोड्ने दर** | | | | | | | |
| १४.१ | कक्षा १-५ | स्थानिय<br>प्रदेश<br>संघ | ७.३<br>८.५<br>८.२ | | | | | |
| १४.२ | कक्षा ६-८ | स्थानिय<br>प्रदेश<br>संघ | ६.२<br>४.९<br>५.४ | | | | | |
| १४.३ | कक्षा ९-१० | स्थानिय<br>प्रदेश<br>संघ | ७.३<br>४.८<br>४.७ | | | | | |
| | | | | | | | | |

## परिच्छेद ३
## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास भनेको जन्मपश्चात ३ वर्षदेखि ५ वर्षसम्मको अवधि हो । प्रारम्भिक बाल्यावस्थामा नै बालवालिकाहरुलाई उनीहरुको शारीरिक विकास, क्रियात्मक विकास लगाएत व्यक्तित्वको निर्माणको आधार स्तम्भ खडा हुने समय हो । यस समयमा उनीहरुलाई असल शिक्षा प्रदान गर्न सकिएमा बालबालिकाहरुको भविष्य राम्रो हुन्छ । सर्वाङ्गिण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन । भाषिक सीप, सिर्जनात्मक विकास तथा सामाजिक सचेतना सँगै नैतिकताका आधारहरु तिव्र गतिमा विकास हुने भएकाले यस तहको शिक्षा प्रसारणमा महत्वपूर्ण भूमिका रहने कुरामा दुई मत नै छैन ।

भागेश्वर गाउँपालिका अन्तरगत संचालित २८ वटा विद्यालयमा आधारित बालविकास केन्द्रहरु संचालनमा रहेका छन् । बालबिकासमा ३० जना महिला शिक्षिकाहरु बालबिकासमा कार्यरत रहेका छन् । सबै बालबिकास सहजकर्ताहरुको शैक्षिक योग्यता कक्षा ८ भन्दा माथि नै रहेको छ । प्रारम्भिक वालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक वालविकास उमेर समुहका सबै बालबालिकाहरुलाइ प्रारम्भिक वालविकास र शिक्षामा पहुँच पुऱ्याउन ।

२. सबै प्रारम्भिक वालविकास तथा शिक्षा केन्द्रमा न्युनतम मापदण्ड पुरा गर्न ।

### ३.१.२ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्न उद्देश्यहरू राखेको छः

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा समान र सहज पहुँच सुनिश्चित गर्नु।

२. प्रारम्भिक बालविकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित, समावेशी तथा सिकाइमैत्री बनाउँदै सेवाको गुणस्तर अभिवृद्धि गर्नु।

३. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत तहको कक्षा १ मा प्रवेश सुनिश्चित गर्नु।

४. प्रारम्भिक बालविकास सहजकर्ताहरूको पेशागत क्षमता विकास, स्थायित्व तथा प्रभावकारी व्यवस्थापन सुदृढ गर्नु।

### ३.१.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछन् :

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालविकास/पूर्वप्राथमिक कक्षामा भर्ना गरिनेछ।

२. बालविकास केन्द्र सञ्चालनका लागि तोकिएका मापदण्डअनुसार वैज्ञानिक नक्साङ्कन तथा आवश्यकता आधारित विस्तार गरिनेछ।

३. सहजकर्ताको क्षमता विकास, सेवा सुविधा तथा पेशागत स्थायित्वका लागि स्थानीय तह, विद्यालय तथा साझेदार संस्थासँग सहकार्य गरिनेछ।

४. सबै बालविकास केन्द्रहरूमा बालमैत्री, सुरक्षित, अपाङ्गमैत्री तथा छापामय सिकाइ वातावरण निर्माण गरिनेछ।

५. प्रत्येक शैक्षिक सत्रमा विद्यालय भर्ना अभियान सञ्चालन गरी जन्मदर्तालाई अनिवार्य गरिनेछ।

६. प्रारम्भिक बालविकास केन्द्रहरूमा आवश्यक शैक्षिक सामग्री, खेल सामग्री तथा आधारभूत पूर्वाधारको व्यवस्था गरिनेछ।

७. नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

८. बालविकास सहजकर्ताहरूलाई बालमैत्री शिक्षण विधि, बाल मनोविज्ञान तथा प्रारम्भिक सिकाइ सम्बन्धी तालिम प्रदान गरिनेछ।

९. अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि गरी प्रारम्भिक बालशिक्षाप्रति सकारात्मक वातावरण सिर्जना गरिनेछ।

### ३.१.४ प्रमुख उपलब्धी तथा नतिजा

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको प्रारम्भिक बालशिक्षामा पहुँच सुनिश्चित हुनेछ।

२. प्रारम्भिक बालविकास केन्द्रहरूको भर्नादर १०० प्रतिशत पुग्नेछ।

३. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरू आवश्यक तालिम प्राप्त तथा दक्ष हुनेछन्।

४. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले प्रारम्भिक बालशिक्षाको अनुभव प्राप्त गरेका हुनेछन्।

५. प्रारम्भिक बालविकास केन्द्रहरू बालमैत्री, सुरक्षित तथा सिकाइमैत्री वातावरणयुक्त हुनेछन्।

६. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक विकासमा सकारात्मक सुधार आउनेछ।

७. प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापन र कार्यान्वयनमा स्थानीय तह, विद्यालय, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र जिम्मेवारी वृद्धि हुनेछ ।

| क्र सं | सुचक | सुचकहरुको तह | आधारवर्ष | लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| १ | प्रारम्भिक बाल शिक्षा तथा बाल विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव लिइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | स्थानिय<br>प्रदेश<br>संघ | ८१.८ | ९०%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- | ४६%<br>-<br>- |
| २ | कक्षा दोहोर्‍याउने दर | | | | | | | |
| ३ | ६ वटा सिकाइ कुन भएको वालविकास केन्द्रको संख्या | | | | | | | |
| ४ | छापामय कक्षाकोठा भएको वालविकास संख्या | | | | | | | |

### ३.१.५ प्रमुख कृयाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | | **भैतिक लक्ष** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **इकाइ** | **प्रथम वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौं वर्ष** | **जम्मा** | |
| १ | बालबालिकाको तथ्याङ्क संकलन तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | वार्षिक अद्यावधिक |
| २ | ECD केन्द्र नक्साङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकता अनुसार |
| ३ | नयाँ ECD केन्द्र स्थापना | केन्द्र | ० | ० | १ | १ | २ | ४ | दुर्गम क्षेत्रमा प्राथमिकता |
| ४ | भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | वार्षिक |
| ५ | घरदैलो कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | सबै वडामा |
| ६ | जन्मदर्ता सहित भर्ना सुनिश्चित | विद्यालय | २८ | २८ | २९ | ३० | ३२ | ३२ | सबै बिद्यालयमा |
| ७ | बालमैत्री कक्षाकोठा व्यबस्थापन | कक्षाकोठा | १ | ४ | १० | १० | ७ | ३२ | ECD केन्द्रमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | १ | ४ | १० | १० | ७ | ३२ | समावेशी पहुँच |
| ९ | खेल तथा शैक्षिक सामग्री वितरण | केन्द्र | २ | ५ | ८ | १० | ७ | ३२ | नियमित वितरण |
| १० | सहजकर्ता तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | पेशागत विकास |
| ११ | अभिभावक शिक्षा कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ | वडा स्तरमा |
| १२ | वालवालिकाको स्वास्थ्य परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | स्वास्थ्य जाँचसहित |
| १३ | ECD केन्द्र अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | नियमित अनुगमन |
| १४ | कार्यसम्पादन समीक्षा बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका स्तरमा |
| १५ | सिकाइ उपलब्धि अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | वार्षिक |
| | छापामय कक्षाकोठा | वटा | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

आधारभूत शिक्षा शिक्षा हासिलको पहिलो महत्वपूर्ण खुड्किलोका रुपमा लिईन्छ ।नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा १ मा आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क शिक्षा भनिएको छ त्यसैले आधारभूत तहको शिक्षा सबैले प्राप्त गर्नु पर्दछ । कक्षा १ देखि ५ लाई प्राथमिक शिक्षा र कक्षा ६ देखि ८ सम्मको तह लाई निम्नमाध्यमिक शिक्षाका रुपमा राखेको छ। उमेरको हिसावले भन्दा सामान्तया ५ वर्ष देखि ९ वर्ष को कक्षा १-५ र १० देखि १२ वर्ष सम्मको उमेरलाई कक्षा ६-८ को शिक्षा मानिन्छ । शिक्षा ऐन २०२८ ले आधारभूत शिक्षा भनेर प्रारम्भिक बाल शिक्षादेखि नै कक्षा ८ भनेर बुझउँछ । कक्षा १-५ को शिक्षालाई साक्षरताको तह पनि भनिन्छ ।

- आधारभूत शिक्षामा सबै बालबालिकाको समान पहुँच तथा सहभागिता सुनिश्चित गर्नुपर्ने अवस्था रहनु।
- सबै वालवालिकालाई आधारभूत तह पुरा गराउनु ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित स्तरमा पुग्न नसक्नु तथा शिक्षाको गुणस्तर सुधार आवश्यक रहनु।
- खुद भर्ना दर शतप्रतिशत पुऱ्याउन,विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गर्नुपर्ने अवस्था रहनु।

- लैङ्गिक समानता तथा समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयन आवश्यक रहनु।
- विद्यालयहरूमा बालमैत्री, सुरक्षित तथा सिकाइमैत्री वातावरणसहित पर्याप्त भौतिक पूर्वाधारको अभाव रहनु।
- विषयगत तथा कक्षागत शिक्षक दरबन्दीको अभाव तथा व्यवस्थापन चुनौतीपूर्ण रहनु।
- विद्यार्थी सहायता प्रणालीअन्तर्गत पोषण, स्वास्थ्य तथा दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहनु।
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई थप विश्वसनीय, व्यवहारिक तथा सिकाइ सुधारमुखी बनाउनुपर्ने अवस्था रहनु।
- जनजाति, विपन्न तथा जोखिममा रहेका बालबालिकाको विद्यालय छोड्ने दर अपेक्षाकृत उच्च रहनु।

### ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी सबै बालबालिकाको समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्नु।

२. आधारभूत तह उमेर समूहका सबै बालबालिकालाई आधारभूत शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु।

३. आधारभूत तहमा गुणस्तरीय, जीवनोपयोगी तथा सिकाइ उपलब्धिमूलक शिक्षा सुनिश्चित गर्नु।

४. विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गरी खुद भर्ना दर शतप्रतिशत पुऱ्याउनु।

५. विद्यालयहरूमा बालमैत्री, सुरक्षित, समावेशी तथा प्रविधिमैत्री सिकाइ वातावरण विकास गर्नु।

६. शिक्षकहरूको पेशागत क्षमता विकास, विषयगत दक्षता तथा प्रभावकारी व्यवस्थापन सुदृढ गर्नु।

७. पोषण, स्वास्थ्य, दिवा खाजा तथा विद्यार्थी सहायता प्रणालीलाई प्रभावकारी बनाउँदै बालबालिकाको समग्र विकास सुनिश्चित गर्नु।

### ३.२.३ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका, विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने जोखिममा रहेका बालबालिकाको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि नियमित भर्ना अभियान तथा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

३. शिक्षक दरबन्दी पुनर्वितरण तथा आवश्यकता अनुसार विषयगत र कक्षागत शिक्षक व्यवस्थापन गरिनेछ।

४. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम, कार्यशाला, अन्तरक्रिया तथा प्रविधिमैत्री शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरूको क्षमता विकास र सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ।

६. विद्यालयहरूमा बालमैत्री, सुरक्षित, अपाङ्गमैत्री तथा प्रविधिमैत्री भौतिक पूर्वाधार विकास गरिनेछ।

७. विद्यालयमा सरसफाइ, स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

८. कक्षा १—३ का बालबालिकाको आधारभूत पढाइ तथा गणन सीप विकासका लागि विशेष अभियान सञ्चालन गरिनेछ।

९. नियमित सिकाइ मूल्याङ्कन तथा सुधारात्मक शिक्षण प्रणाली लागू गरी सिकाइ उपलब्धि अभिवृद्धि गरिनेछ।

१०. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक, विद्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

११. विद्यालय उमेर समूहका बालबालिकालाई औपचारिक शिक्षामा सहभागी गराउन वैकल्पिक तथा समावेशी सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

१२. प्राथमिकताका आधारमा विद्यालयको भौतिक संरचना, शैक्षिक सामग्री तथा सूचना प्रविधि पूर्वाधार विस्तार गरिनेछ।

### ३.२.४ प्रमुख उपलब्धी तथा नतिजा

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित हुनेछ।

२. आधारभूत शिक्षाको खुद भर्ना दर शतप्रतिशत पुग्नेछ तथा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यून हुनेछ।

३. विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा उल्लेखनीय कमी आउनेछ।

४. आधारभूत तह पूरा गर्ने विद्यार्थीहरूको प्रतिशत वृद्धि हुनेछ।

५. विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार हुनेछ।

६. कक्षा १—३ का बालबालिकामा आधारभूत पढाइ, लेखाइ तथा गणन सीपमा सुधार आउनेछ।

७. विद्यालयहरू बालमैत्री, सुरक्षित, समावेशी तथा अपाङ्गमैत्री वातावरणयुक्त बन्नेछन्।

८. विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा सूचना प्रविधिको पहुँच विस्तार हुनेछ।

९. शिक्षकहरूको विषयगत दक्षता, पेशागत क्षमता तथा कार्यसम्पादनमा सुधार आउनेछ।

१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरूको सहभागिता र उत्तरदायित्व अभिवृद्धि हुनेछ।

११. पोषण, स्वास्थ्य तथा दिवा खाजा कार्यक्रम प्रभावकारी भई विद्यार्थीको नियमित उपस्थिति तथा सिकाइमा सुधार आउनेछ।

१२. विद्यार्थी मूल्याङ्कन प्रणाली थप विश्वसनीय, सुधारमुखी तथा सिकाइमैत्री बन्नेछ।

१३. जनजाति, दलित, बालिका, अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच र निरन्तरता वृद्धि हुनेछ।

१४. विद्यालयहरूमा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणालीको विस्तार हुनेछ।

१५. स्थानीय तह, विद्यालय तथा समुदायबीचको समन्वय, सहकार्य र शैक्षिक उत्तरदायित्व सुदृढ हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | मुख्य नतिजा सूचक | हालको अवस्था | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह खुद भर्ना दर | ८८% | ९१% | ९४% | ९६% | ९८% | १००% | शतप्रतिशत |
| २ | विद्यालय छोड्ने दर | ८% | ६% | ५% | ३% | २% | ०% | शून्यमा झार्ने |
| ३ | कक्षा दोहोऱ्याउने दर | १०% | ८% | ६% | ४% | २% | ०% | शून्यमा झार्ने |
| ४ | आधारभूत तह पूरा गर्ने दर | ७०% | ७५% | ८०% | ८५% | ९०% | ९५% | वृद्धि गर्ने |
| ५ | नियमित विद्यार्थी | ८०% | ८५% | ८८% | ९०% | ९३% | ९५% | ९५% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उपस्थितिदर | | | | | | | पुऱ्याउने |
| ६ | सिकाइ उपलब्धि औसत | ५०% | ५३% | ५६% | ५८% | ६०% | ६५% | ६०% भन्दा माथि |
| ७ | कक्षा १—३ पढाइ सीप हासिल गर्ने विद्यार्थी | ५५% | ६५% | ७५% | ८५% | ९०% | ९५% | ९५% पुऱ्याउने |
| ८ | प्रशिक्षित शिक्षक प्रतिशत | ६०% | ७०% | ८०% | ८८% | ९५% | १००% | शतप्रतिशत |
| ९ | ICT सुविधा भएका विद्यालय | ३०% | ४०% | ५०% | ६५% | ८०% | १००% | सबै विद्यालयमा |
| १० | बालमैत्री विद्यालय संख्या | ४०% | ५०% | ६०% | ७०% | ८५% | १००% | सबै विद्यालयमा |
| ११ | अपाङ्गमैत्री विद्यालय संख्या | २०% | ३०% | ४०% | ५०% | ७०% | ९०% | अधिकतम विस्तार |
| १२ | दिवा खाजा कार्यक्रम प्रभावकारिता | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% | पूर्ण प्रभावकारी |
| १३ | विद्यालय स्वास्थ्य परीक्षण कार्यक्रम | ३०% | ५०% | ६०% | ७५% | ९०% | १००% | सबै विद्यालयमा |
| १४ | विद्यालय अनुगमन नियमितता | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% | नियमित अनुगमन |
| १५ | अभिभावक सहभागिता दर | ४५% | ५५% | ६५% | ७५% | ८५% | ९५% | उच्च सहभागिता |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | घरदैलो कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका पहिचान | बालबालिका | ५० | ४० | ३० | २० | १० | १५० |
| ४ | वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| ५ | शिक्षक विषयगत तालिम सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ६ | ICT तालिम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| ७ | शिक्षक कार्यशाला तथा अभिमुखीकरण | पटक | २ | २ | २ | २ | २ | १० |
| ८ | अतिरिक्त कक्षा सञ्चालन | विद्यालय | १० | १२ | १४ | १६ | १८ | ७० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | पढाइ सीप विकास कार्यक्रम | विद्यालय | १० | १२ | १४ | १६ | १८ | ७० |
| १० | सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | विद्यालय अनुगमन | पटक | २० | २० | २० | २० | २० | १०० |
| १२ | अभिभावक अभिमुखीकरण कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १३ | विद्यालय व्यवस्थापन समिति तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | बालमैत्री कक्षाकोठा निर्माण | कक्षाकोठा | ४ | ४ | ३ | ३ | ३ | १७ |
| १५ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| १६ | शौचालय निर्माण/मर्मत | विद्यालय | ३ | ३ | २ | २ | २ | १२ |
| १७ | खानेपानी सुविधा विस्तार | विद्यालय | ३ | ३ | २ | २ | २ | १२ |
| १८ | ICT सामग्री वितरण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १९ | पुस्तकालय व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| २० | विज्ञान प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २१ | दिवा खाजा कार्यक्रम सञ्चालन | विद्यालय | २० | २० | २० | २० | २० | १०० |
| २२ | स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० |
| २३ | पोषण तथा सरसफाइ कार्यक्रम | कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २४ | उत्कृष्ट शिक्षक पुरस्कार | जना | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २५ | उत्कृष्ट विद्यालय सम्मान | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २६ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | विद्यालय | ५ | ८ | १० | १२ | १५ | ५० |
| २७ | विद्यालय सुरक्षा योजना निर्माण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २८ | विपद् व्यवस्थापन अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ |
| २९ | सामुदायिक सचेतना कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ३० | शैक्षिक समीक्षा बैठक | पटक | २ | २ | २ | २ | २ | १० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा मानेको छ । सामान्यतया उमेरको हिसावले १३- १६ वर्षको उमेर समूहका बालबालिकाहरुलाई माध्यमिक शिक्षा भनेर तय गरिएको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ भनेको छ । नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको तह भन्ने र प्रचलित ऐन कानूनमा उल्लेख गरिएको छ । माध्यमिक शिक्षाका धारहरु साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन, यस तहमा एकलपथिय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ । कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा पनि वार्षिक ३२ पाठ्यघण्टाको विषयवस्तु राखिएको छ । मानविय मुल्य, मान्यता र लोकतान्त्रिक संस्कार अबलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरीकको

जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामुलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सीपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन । साथै विद्यार्थीहरुको मुल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ ।
भागेश्वर गाउँपालिकामा माध्यमिक शिक्षा कक्षा ९-१० का ५ विद्यालयहरु र कक्षा ९-१२ का ३ विद्यालयहरु संचालनमा रहेका छन् । भागेश्वर गाउँपालिकामा माध्यमिक तहको GER कक्षा ९-१० मा छात्रा ११७.५ र छात्र ९३.0 र कक्षा ११-१२ मा छात्रा ५४.९ र छात्र ५१.७ र कक्षा ९- १२ मा छात्रा ९०.९ र छात्र ७६ गरि जम्मा ८४.१ रहेकोछ । त्यसैगरी NER कक्षा ९-१० मा छात्रा ७७.६ र छात्र ७१.६ र कक्षा ११-१२ मा छात्रा २३.६ र छात्र २६.६ र कक्षा ९- १२ मा छात्रा ५०.६ र छात्र ४९.१ गरि जम्मा ४९.८ रहेकोछ । उमेर समूहलाई आधार गरि हेर्दा १३ देखि १४ बर्ष उमेर समूहका कक्षा ९-१० मा छात्रा १९१ रछात्र १५३ गरि जम्मा ३३४, १५ देखि १६ बर्ष उमेर समूहका कक्षा ११-१२ मा छात्रा ४३ र छात्र ४० गरि जम्मा ८३ र कक्षा ९-१२ मा १३ बर्ष देखि १६ बर्ष उमेर समूहका छात्रा २३४ र छात्र १९३ गरि जम्मा ४२७ रहेकाछन् । कक्षा १० मा विद्यार्थी टिकाउ दर छात्रा ४९.७ र छात्र ४८ गरि जम्मा ४९.३ रहेकोछ । माध्यमिक तह कक्षा ९-१० मा २१ जना र कक्षा ११-१२ मा ६ जना शिक्षक कार्यरत रहेका छन् । एउटा प्राविधिक माध्यमिक विद्यालय रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक देखिन्छ । शिक्षण सिकाई विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाईदैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि अभाव रहेको छ । त्यसै गरी माध्यमिक तहमा जनजाती विद्यार्थीहरुको संख्या ज्यादै न्यून भर्ना हुने गरेको तथ्यांक छ । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका

**चुनौतिहरुः**

- प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षाको विस्तार गर्नु।
- कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरूको कक्षा ११ मा भर्नादर वृद्धि गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्नु।

- सिकाइको गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा वृद्धि गर्नु।
- शिक्षकहरूको पेशागत वृत्ति विकास गर्नु।
- विषयगत शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्नु।
- जनजाति, दलित तथा विपन्न समुदायका विद्यार्थीहरूको भर्ना तथा टिकाउ दर वृद्धि गर्नु।

### ३.३.२ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्न उद्देश्यहरू राखेको छ :

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको समान, समावेशी तथा गुणस्तरीय पहुँच सुनिश्चित गर्नु।
२. माध्यमिक तहमा खुद भर्ना दर, टिकाउ दर तथा सिकाइ उपलब्धिमा वृद्धि गर्नु।
३. निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु।
४. विद्यालय व्यवस्थापन, शासकीय व्यवस्था तथा शैक्षिक उत्तरदायित्व सुदृढ गर्नु।
५. प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच तथा क्षेत्र विस्तार गर्नु।
६. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विकास गर्नु।
७. उच्च शिक्षा, रोजगार तथा जीवनोपयोगी सीपका लागि सक्षम, प्रतिस्पर्धी तथा स्वःपहिचानयुक्त जनशक्ति उत्पादन गर्नु।

### ३.३.३ रणनीतिहरू

माध्यमिक शिक्षा सम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछन् :

१. माध्यमिक शिक्षामा पहुँच नभएका तथा विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
२. आर्थिक समस्याका कारण माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने विद्यार्थीहरूका लागि छात्रवृत्ति, शैक्षिक सामग्री तथा आर्थिक सहयोगको व्यवस्था गरिनेछ।
३. विद्यार्थीहरूको मनोबल, आत्मविश्वास तथा सिकाइ अभिप्रेरणा वृद्धि गर्न मनोसामाजिक तथा शैक्षिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
४. विषयगत शिक्षक अभाव भएका विद्यालयहरूमा दरबन्दी पुनर्वितरणका लागि पहल गरिनेछ तथा आवश्यकता अनुसार स्वयंसेवक शिक्षक छनोट तथा परिचालन गरिनेछ।
५. माध्यमिक विद्यालयहरूमा गुणस्तरमा आधारित प्रतिस्पर्धात्मक तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
६. सम्पूर्ण माध्यमिक विद्यालयहरूमा इ—पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको क्रमशः व्यवस्था गरिनेछ।
७. विद्यालय व्यवस्थापन तथा शैक्षिक नेतृत्व सुधारका लागि सक्षम र उत्तरदायी प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ।
८. विद्यालय नक्साङ्कन तथा स्थानीय आवश्यकता अनुसार प्राविधिक तथा व्यवसायिक धारका कार्यक्रम सञ्चालन तथा विस्तार गरिनेछ।

९. नियमित कार्यसम्पादन परीक्षण, सिकाइ उपलब्धि मूल्याङ्कन तथा अनुगमन प्रणालीमार्फत विद्यालयलाई थप जवाफदेही बनाइनेछ।

१०. शिक्षकहरूको पेशागत क्षमता विकासका लागि विषयगत, प्रविधिमैत्री तथा व्यवहारिक तालिम सञ्चालन गरिनेछ।

११. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विस्तार गरी डिजिटल शिक्षाको पहुँच वृद्धि गरिनेछ।

१२. अतिरिक्त कक्षा, सुधारात्मक शिक्षण तथा सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गरी विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार गरिनेछ।

### ३.३.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागितामा उल्लेखनीय वृद्धि हुनेछ।
२. माध्यमिक तहको खुद भर्ना दर तथा टिकाउ दरमा सुधार आउनेछ।
३. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरूको कक्षा ११ मा भर्ना दर वृद्धि हुनेछ।
४. माध्यमिक तहको शिक्षा थप गुणस्तरीय, जीवनोपयोगी तथा प्रविधिमैत्री बन्नेछ।
५. विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा परीक्षाफलमा सकारात्मक सुधार आउनेछ।
६. विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा कमी आउनेछ।
७. प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थीहरूको पहुँच तथा सहभागिता वृद्धि हुनेछ।
८. माध्यमिक विद्यालयहरूमा इ—पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब तथा ICT पूर्वाधार विस्तार हुनेछ।
९. शिक्षकहरूको विषयगत दक्षता, पेशागत क्षमता तथा कार्यसम्पादनमा सुधार आउनेछ।
१०. विषयगत शिक्षक व्यवस्थापन तथा दरबन्दी वितरण थप प्रभावकारी बन्नेछ।
११. विद्यालय व्यवस्थापन, शैक्षिक नेतृत्व तथा उत्तरदायित्व प्रणाली सुदृढ हुनेछ।
१२. जनजाति, दलित, विपन्न तथा जोखिममा रहेका विद्यार्थीहरूको शिक्षामा पहुँच र निरन्तरतामा वृद्धि हुनेछ।
१३. विद्यार्थी मनोसामाजिक परामर्श तथा सहजीकरण प्रणाली प्रभावकारी बन्नेछ।
१४. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको विस्तार हुनेछ।
१५. उच्च शिक्षा, रोजगारी तथा जीवनोपयोगी सीपका लागि सक्षम, प्रतिस्पर्धी तथा आत्मनिर्भर जनशक्ति उत्पादनमा सहयोग पुग्नेछ।

| क्र.सं. | नतिजा सूचक | हालको अवस्था | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह खुद भर्ना दर | ७५% | ८०% | ८५% | ८८% | ९२% | ९५% | ९५% पुऱ्याउने |
| २ | माध्यमिक तह टिकाउ दर | ६५% | ७०% | ७५% | ८०% | ८५% | ९०% | ९०% पुऱ्याउने |
| ३ | कक्षा १० उत्तीर्णपछि कक्षा ११ मा भर्ना दर | ६०% | ६५% | ७०% | ७५% | ८०% | ८५% | ८५% पुऱ्याउने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय छोड्ने दर | १०% | ८% | ६% | ५% | ३% | २% | न्यूनतम बनाउने |
| ५ | कक्षा दोहोऱ्याउने दर | ८% | ६% | ५% | ४% | ३% | २% | न्यूनतम बनाउने |
| ६ | SEE उत्तीर्ण दर | ६०% | ६५% | ७०% | ७५% | ८०% | ८५% | ८५% पुऱ्याउने |
| ७ | ICT सुविधा भएका माध्यमिक विद्यालय | ३०% | ४०% | ५०% | ६५% | ८०% | १००% | सबै विद्यालयमा |
| ८ | कम्प्युटर ल्याब भएका विद्यालय | २०% | ३०% | ४०% | ५०% | ७०% | ९०% | विस्तार गर्ने |
| ९ | विज्ञान प्रयोगशाला भएका विद्यालय | २५% | ३५% | ५०% | ६०% | ७५% | ९०% | विस्तार गर्ने |
| १० | इ—पुस्तकालय भएका विद्यालय | १०% | २०% | ३०% | ५०% | ७०% | ९०% | विस्तार गर्ने |
| ११ | तालिम प्राप्त शिक्षक प्रतिशत | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% | शतप्रतिशत |
| १२ | विषयगत शिक्षक व्यवस्थापन दर | ६०% | ७०% | ७५% | ८५% | ९०% | १००% | पूर्ण व्यवस्थापन |
| १३ | प्राविधिक धार सञ्चालन भएका विद्यालय | २ | ३ | ४ | ५ | ६ | ७ | विस्तार गर्ने |
| १४ | जनजाति तथा विपन्न विद्यार्थी भर्ना दर | ६५% | ७०% | ७५% | ८०% | ८५% | ९०% | वृद्धि गर्ने |
| १५ | विद्यार्थी मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | २०% | ३०% | ५०% | ६०% | ८०% | १००% | सबै विद्यालयमा |
| १६ | विद्यालय अनुगमन तथा कार्यसम्पादन परीक्षण | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% | नियमित गर्ने |
| १७ | अतिरिक्त कक्षा सञ्चालन भएका विद्यालय | ३०% | ४०% | ५०% | ६५% | ८०% | ९०% | विस्तार गर्ने |
| १८ | प्रविधिमैत्री शिक्षण प्रयोग गर्ने शिक्षक | २५% | ३५% | ५०% | ६५% | ८०% | ९५% | ९५% पुऱ्याउने |
| १९ | विद्यालय व्यवस्थापन समिति क्षमता विकास कार्यक्रम | ४०% | ५०% | ६०% | ७०% | ८५% | १००% | नियमित गर्ने |
| २० | माध्यमिक तह समग्र शैक्षिक गुणस्तर सूचक | ५०% | ५५% | ६०% | ६५% | ७०% | ७५% | निरन्तर सुधार |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | घरदैलो तथा विद्यार्थी खोज अभियान | पटक | २ | २ | २ | २ | २ | १० |
| ३ | छात्रवृत्ति वितरण | विद्यार्थी | ५० | ६० | ७० | ८० | ९० | ३५० |
| ४ | शैक्षिक सामग्री सहयोग | विद्यार्थी | १०० | १२० | १४० | १६० | १८० | ७०० |
| ५ | विद्यार्थी मनोसामाजिक परामर्श कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| ६ | विषयगत शिक्षक तालिम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ७ | ICT तालिम शिक्षकलाई | पटक | २ | २ | २ | २ | २ | १० |
| ८ | स्वयंसेवक शिक्षक व्यवस्थापन | जना | ५ | ५ | ४ | ४ | ३ | २१ |
| ९ | विद्यालय अनुगमन तथा कार्यसम्पादन परीक्षण | पटक | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| १० | अतिरिक्त कक्षा सञ्चालन | विद्यालय | ५ | ६ | ७ | ८ | ९ | ३५ |
| ११ | SEE तयारी कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | कम्प्युटर ल्याब स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १३ | विज्ञान प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १४ | इ–पुस्तकालय स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १५ | ICT सामग्री वितरण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १६ | विद्यालयमा इन्टरनेट जडान | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| १७ | प्राविधिक धार विस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १८ | करियर काउन्सिलिङ कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| १९ | प्रधानाध्यापक नेतृत्व विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २० | विद्यालय व्यवस्थापन समिति तालim | पटक | १ | १ | १ | १ | १ | ५ |
| २१ | बालमैत्री तथा सुरक्षित संरचना निर्माण | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| २२ | अपाङ्गमैत्री संरचना विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २३ | विद्यार्थी स्वास्थ्य तथा सरसफाइ कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| २४ | दिवा खाजा व्यवस्थापन सहयोग | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २५ | उत्कृष्ट शिक्षक तथा विद्यालय सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | सिकाइ उपलब्धि मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २७ | जनजाति तथा विपन्न विद्यार्थी लक्षित कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| २८ | प्रविधिमैत्री शिक्षण प्रदर्शन कक्षा | पटक | २ | २ | २ | २ | २ | १० |
| २९ | विद्यालय सुरक्षा तथा विपद् अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३० | शैक्षिक समीक्षा तथा समन्वय बैठक | पटक | २ | २ | २ | २ | २ | १० |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

#### ३.४.१ वर्तमान अवस्था

कुनैपनि राष्ट्रको समृद्धि र विकासको मूल पुर्वाधार प्राविधिक तथा व्यावसायिक शिक्षा हो । मानव जीवनलाई सफल र सरल बनाउन प्राविधिक तथा व्यवसायीक शिक्षाको ठुलो महत्व छ । नेपालका प्रथम वैज्ञानिक गेहेन्द्र शमसेर देखि वर्तमान समयसम्म आईपुग्दा प्राविधिक शिक्षाको जगतमा नेपालले ठूलै फड्को मारेको छ । वर्तमान समयमा विभिन्न माध्यमिक विद्यालयहरुमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति प्राप्त कक्षा ९ देखि १२ सम्मका विभिन्न ६ वटा धारहरुमा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा रहेको छ । रोजगारी, सीप, जीवनपर्यन्त शिक्षा तथा जीवनोपयोगी शिक्षाको मेरुदण्ड भनेर प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिइन्छ । इन्जिनियरिङ, चिकित्सा, वन, कम्पुटर, पशु, कला, सङ्गीत लगायतका थुप्रै विषयमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम समेत विकास गरी कार्यान्वयनमा रहेको पाईन्छ ।

भागेश्वर गाउँपालिकामा हाल प्राविधिक शिक्षा धार तर्फ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शैक्षिक सत्र २०७७ बाट अनुमति प्राप्त गरी शैक्षिक सत्र २०७७ देखि श्री सरस्वती माध्यमिक विद्यालय भागेश्वर-३, वोगटामा बाली विज्ञान विषयमा कक्षा ९-१२ सम्मको पठनपाठन सञ्चालन हुने गरेको छ। बाली विज्ञान विषयमा प्रतिवर्ष प्रतिकक्षा ४८ जना विद्यार्थी भर्ना भएर अध्ययन गर्न पाउने व्यवस्था रहेको छ । भागेश्वर गाउँपालिका अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को आङ्गिक संस्थाको रुपमा अन्य कुनै पनि विद्यालय रहेका छैनन् । प्राविधिक शिक्षा आजको आवश्यकता भएपनि आर्थिक अवस्था कमजोर भएको कारण धेरैजसो विद्यार्थीहरुले सो तहको अध्ययन गर्न पाएका छैनन । विद्यालय तथा शिक्षालयहरुमा प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने पुर्वाधारहरुको पर्याप्तता हुन सकेको छैन । प्राविधिक शिक्षाका कक्षाहरु बढि प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता समेत रहेको छ । माथि उल्लेखित वर्तमान अवस्थालाई विश्लेषण गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका प्रमुख चुनौतीहरू रहेका छन् :

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), शिक्षालय तथा स्थानीय तहबीच प्रभावकारी समन्वय विस्तार गर्नु।
- विद्यालय तथा शिक्षालयका प्राविधिक कक्षाहरूलाई प्रयोगात्मक बनाउन आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्नु।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न इच्छुक सबै स्थानीय विद्यार्थीलाई अध्ययनको अवसर उपलब्ध गराउनु।

- स्थानीय आवश्यकता तथा श्रम बजारसँग जोडिएको सीपमूलक शिक्षाको विस्तार गर्नु।
- दक्ष प्रशिक्षक, प्रयोगशाला तथा उपकरण व्यवस्थापनलाई प्रभावकारी बनाउनु।
- प्राविधिक शिक्षा हासिल गरेका युवाहरूका लागि स्थानीय स्तरमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना गर्नु।

### ३.४.२ उद्देश्यहरू

यस योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी निम्न उद्देश्यहरू राखेको छ :

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच विस्तार गर्नु।

२. भागेश्वर गाउँपालिका क्षेत्रको विकासका लागि आवश्यक दक्ष, सीपयुक्त तथा प्रतिस्पर्धी प्राविधिक जनशक्ति उत्पादन गर्नु।

३. प्राविधिक तथा व्यावसायिक शिक्षालाई गुणस्तरीय, प्रयोगात्मक तथा प्रभावकारी बनाउनु।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहने स्थानीय विद्यार्थीहरूलाई अध्ययन तथा सीप विकासको अवसर सुनिश्चित गर्नु।

५. प्राविधिक शिक्षा, रोजगारी तथा उद्यमशीलतालाई आपसमा जोड्दै आत्मनिर्भर जनशक्ति विकास गर्नु।

### ३.४.३ रणनीतिहरू

प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछन् :

१. गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा आवश्यकता तथा सम्भावनाका आधारमा विभिन्न प्राविधिक तथा व्यावसायिक धार सञ्चालनका लागि पहल गरिनेछ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), स्थानीय तह तथा सम्बन्धित शिक्षालयबीच समन्वय तथा सहकार्य सुदृढ गरिनेछ।

३. विद्यालय तथा शिक्षालयहरूमा प्रयोगात्मक सिकाइका लागि आवश्यक प्रयोगशाला, उपकरण, कार्यशाला तथा अन्य भौतिक पूर्वाधार विकास गरिनेछ।

४. आर्थिक अवस्था कमजोर, दलित, जनजाति तथा विपन्न समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ।

५. स्थानीय आवश्यकता तथा रोजगार बजारसँग जोडिएका सीपमूलक तथा रोजगारमुखी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६. प्राविधिक तथा व्यावसायिक शिक्षा हासिल गरेका युवाहरूलाई गाउँपालिकाभित्रै रोजगारी तथा उद्यमशीलताका अवसर उपलब्ध गराउन सहकार्य गरिनेछ।

७. दक्ष प्रशिक्षक उत्पादन तथा क्षमता विकासका लागि तालिम, कार्यशाला तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. प्राविधिक शिक्षाप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण बढाउन सचेतना तथा करियर परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

९. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादन समिक्षा गरिनेछ।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीहरूको पहुँच तथा सहभागितामा वृद्धि हुनेछ।

२. गाउँपालिकाभित्र आवश्यकता अनुसार विभिन्न प्राविधिक तथा व्यावसायिक धार सञ्चालन हुनेछन्।

३. स्थानीय आवश्यकता तथा श्रम बजारसँग सम्बन्धित दक्ष, सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन हुनेछ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर, प्रयोगात्मक सिकाइ तथा प्रभावकारितामा सुधार आउनेछ।

५. विद्यालय तथा शिक्षालयहरूमा प्रयोगशाला, कार्यशाला, उपकरण तथा अन्य आवश्यक पूर्वाधारको विकास हुनेछ।

६. आर्थिक अवस्था कमजोर, दलित, जनजाति तथा विपन्न समुदायका विद्यार्थीहरूको प्राविधिक शिक्षामा पहुँच विस्तार हुनेछ।

७. छात्रवृत्ति तथा सहुलियत कार्यक्रममार्फत प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या वृद्धि हुनेछ।

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), स्थानीय तह तथा शिक्षालयबीच समन्वय र सहकार्य सुदृढ हुनेछ।

९. दक्ष प्रशिक्षक तथा प्रशिक्षित जनशक्तिको उपलब्धतामा वृद्धि हुनेछ।

१०. प्राविधिक शिक्षा हासिल गरेका युवाहरूका लागि स्थानीय स्तरमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना हुनेछन्।

११. विद्यार्थी तथा अभिभावकमा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रतिको सकारात्मक धारणा र आकर्षण वृद्धि हुनेछ।

१२. प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय आर्थिक, सामाजिक तथा पूर्वाधार विकाससँग जोडिनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | नतिजा सूचक | हालको अवस्था | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भएका विद्यालय | २ | ३ | ४ | ५ | ६ | ७ | विस्तार गर्ने |
| २ | प्राविधिक शिक्षामा विद्यार्थी भर्ना दर | १५% | २०% | २५% | ३०% | ३५% | ४०% | वृद्धि गर्ने |
| ३ | छात्रवृत्ति प्राप्त विद्यार्थी संख्या | २० | ३० | ४० | ५० | ६० | ७० | वृद्धि गर्ने |
| ४ | प्रयोगशाला तथा कार्यशाला सुविधा भएका विद्यालय | २०% | ३०% | ४०% | ५०% | ७०% | ९०% | विस्तार गर्ने |
| ५ | ICT तथा प्राविधिक उपकरण उपलब्ध विद्यालय | २५% | ३५% | ४५% | ६०% | ७५% | ९०% | विस्तार गर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | तालिम प्राप्त प्रशिक्षक/शिक्षक प्रतिशत | ४०% | ५०% | ६०% | ७०% | ८५% | १००% | शतप्रतिशत |
| ७ | सीपमूलक तथा रोजगारमुखी तालिम कार्यक्रम | २ | ३ | ४ | ५ | ६ | ७ | विस्तार गर्ने |
| ८ | प्राविधिक शिक्षा पूरा गर्ने विद्यार्थी दर | ५०% | ५५% | ६०% | ७०% | ८०% | ९०% | वृद्धि गर्ने |
| ९ | स्थानीय स्तरमा रोजगारी प्राप्त प्राविधिक जनशक्ति | २०% | ३०% | ४०% | ५०% | ६०% | ७०% | वृद्धि गर्ने |
| १० | उद्यमशीलतामा संलग्न प्राविधिक युवा | १०% | १५% | २०% | ३०% | ४०% | ५०% | वृद्धि गर्ने |
| ११ | CTEVT तथा स्थानीय तहबीच सहकार्य कार्यक्रम | १ | २ | २ | ३ | ३ | ४ | सुदृढ गर्ने |
| १२ | करियर परामर्श कार्यक्रम सञ्चालन भएका विद्यालय | २०% | ३०% | ४०% | ५०% | ७०% | ९०% | विस्तार गर्ने |
| १३ | प्राविधिक शिक्षाप्रति अभिभावक तथा विद्यार्थी आकर्षण | ३०% | ४०% | ५०% | ६०% | ७५% | ९०% | वृद्धि गर्ने |
| १४ | नियमित अनुगमन तथा मूल्याङ्कन भएका प्राविधिक कार्यक्रम | ३०% | ५०% | ६०% | ७०% | ८५% | १००% | नियमित गर्ने |
| १५ | स्थानीय आवश्यकता आधारित प्राविधिक कार्यक्रम | १ | २ | ३ | ४ | ५ | ६ | विस्तार गर्ने |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक धार सञ्चालनका लागि विद्यालय छनोट तथा नक्साङ्कन | विद्यालय | २ | १ | १ | १ | १ | ६ |
| २ | नयाँ प्राविधिक कार्यक्रम सञ्चालन | कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| ३ | प्राविधिक शिक्षामा विद्यार्थी भर्ना अभियान | पटक | २ | २ | २ | २ | २ | १० |
| ४ | छात्रवृत्ति वितरण | विद्यार्थी | २० | ३० | ४० | ५० | ६० | २०० |
| ५ | सीपमूलक तथा रोजगारमुखी तालिम सञ्चालन | तालिम | २ | ३ | ४ | ५ | ५ | १९ |
| ६ | प्रयोगशाला स्थापना तथा व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ७ | कार्यशाला तथा प्रायोगिक कक्षा सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ८ | कम्प्युटर तथा ICT सामग्री वितरण | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| ९ | प्रशिक्षक तथा शिक्षक क्षमता विकास | पटक | २ | २ | २ | २ | २ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तालिम | | | | | | | |
| १० | CTEVT तथा सम्बन्धित संस्थासँग समन्वय बैठक | पटक | २ | २ | २ | २ | २ | १० |
| ११ | करियर परामर्श तथा अभिमुखीकरण कार्यक्रम | कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १२ | उद्यमशीलता विकास तालिम | तालिम | १ | २ | २ | २ | २ | ९ |
| १३ | स्थानीय रोजगार बजार अध्ययन | अध्ययन | १ | १ | १ | १ | १ | ५ |
| १४ | उद्योग तथा संस्थासँग साझेदारी कार्यक्रम | कार्यक्रम | १ | १ | २ | २ | २ | ८ |
| १५ | प्राविधिक शिक्षाका लागि आवश्यक उपकरण खरिद | सेट | २ | २ | २ | २ | २ | १० |
| १६ | प्राविधिक शिक्षा सम्बन्धी जनचेतना कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| १७ | विपन्न तथा जनजाति विद्यार्थी लक्षित सहयोग कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| १८ | प्राविधिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| १९ | सफल प्राविधिक विद्यार्थी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २० | स्थानीय स्तरमा रोजगारी सहजीकरण कार्यक्रम | कार्यक्रम | १ | १ | २ | २ | २ | ८ |

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले साक्षरता वृद्धि, सीप विकास तथा सामाजिक—आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने भए तापनि गाउँपालिकामा यसको प्रभावकारी विस्तार अझै चुनौतीपूर्ण रहेको छ। साक्षरता कार्यक्रमहरू सञ्चालन भए तापनि पूर्ण साक्षरता सुनिश्चित गर्न बाँकी छ। प्रौढ, विपन्न, महिला तथा विद्यालय बाहिर रहेका व्यक्तिहरूलाई निरन्तर सिकाइमा समेट्ने व्यवस्था पर्याप्त रूपमा विकसित हुन सकेको छैन सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता सीमित रहनु, सीपमूलक तालिम र रोजगारीबीचको सम्बन्ध कमजोर हुनु तथा अनुभवजन्य सिकाइ (RPL) प्रणाली पर्याप्त रूपमा कार्यान्वयन हुन नसक्नु प्रमुख चुनौतीहरू हुन् । डिजिटल साक्षरता तथा सूचना प्रविधिमा आधारित सिकाइ अवसरहरू पनि सीमित छन् । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा उल्लेखनीय प्रयासहरू भए तापनि अपेक्षित नतिजा हासिल गर्न विभिन्न चुनौतीहरू रहेका छन्। तीमध्ये प्रमुख चुनौतीहरू निम्नानुसार छन् :

- गाउँपालिकामा पूर्ण साक्षरता सुनिश्चित गर्न अझै बाँकी रहेको अवस्था हुनु ।
- प्रौढ, महिला, विपन्न तथा विद्यालय बाहिर रहेका नागरिकलाई नियमित सिकाइ प्रक्रियामा समेट्न कठिनाइ हुनु ।

- सामुदायिक सिकाइ केन्द्रहरूको भौतिक पूर्वाधार, स्रोतसाधन तथा व्यवस्थापकीय क्षमता कमजोर हुनु ।
- अनौपचारिक शिक्षा र औपचारिक शिक्षाबीच स्पष्ट समन्वय र निरन्तरता स्थापित हुन नसक्नु ।
- सीपमूलक तालिम र स्थानीय रोजगारी बीचको सम्बन्ध कमजोर रहनु ।
- अनुभवजन्य सिकाइ (RPL) प्रणाली पर्याप्त रूपमा विकास तथा कार्यान्वयन हुन नसक्नु ।
- डिजिटल साक्षरता तथा सूचना प्रविधिमा आधारित सिकाइ पहुँच सीमित हुनु ।
- प्रशिक्षक तथा सहजकर्ताको क्षमता विकास तथा निरन्तरता अभाव हुनु ।
- समुदायमा आजीवन सिकाइप्रतिको चेतना र सहभागिता अपेक्षाकृत कमजोर हुनु ।
- अनौपचारिक शिक्षा कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण प्रणाली कमजोर हुनु ।

### ३.५.२ उद्देश्यहरू

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्न उद्देश्यहरू राखेको छ :

१. सबै नागरिकमा आधारभूत साक्षरता सुनिश्चित गर्नु ।

२. निरन्तर तथा आजीवन सिकाइका अवसर विस्तार गर्नु ।

३. प्रौढ, महिला तथा विपन्न वर्गलाई सशक्तीकरण गर्नु ।

४. सीप विकास र रोजगारीबीच सम्बन्ध स्थापित गर्नु ।

५. अनुभवजन्य सिकाइ (RPL) मार्फत सीपको मान्यता प्रणाली विकास गर्नु ।

### ३.५.३ रणनीतिहरू

१. साक्षरता तथा पुनःसाक्षरता कार्यक्रम वडास्तरमा विस्तार गरिनेछ ।

२. सामुदायिक सिकाइ केन्द्रहरूलाई सुदृढ, स्रोतसम्पन्न तथा सक्रिय बनाइनेछ ।

३. प्रौढ तथा विद्यालय बाहिर रहेका व्यक्तिहरूका लागि लचिलो सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सीपमूलक तथा रोजगारमुखी छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।

५. अनुभवजन्य सिकाइ (RPL) प्रणालीमार्फत सीप प्रमाणिकरण व्यवस्था लागू गरिनेछ ।

६. डिजिटल साक्षरता तथा ICT आधारित सिकाइ कार्यक्रम विस्तार गरिनेछ ।

७. स्थानीय तह, संघसंस्था तथा निजी क्षेत्रसँग साझेदारी गरी आजीवन सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

### ३.५.४ प्रमुख उपलब्धी तथा नतिजाहरू

१. गाउँपालिकामा साक्षरता दरमा उल्लेखनीय वृद्धि हुनेछ ।

२. अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रमहरू संस्थागत रूपमा सञ्चालन हुनेछन् ।

३. प्रौढ तथा महिला सशक्तीकरणमा सुधार आउनेछ ।

४. सामुदायिक सिकाइ केन्द्रहरू सक्रिय र प्रभावकारी बन्नेछन् ।

५. सीप विकास र रोजगारीबीच सम्बन्ध सुदृढ हुनेछ ।

६. अनुभवजन्य सिकाइ (RPL) प्रणाली लागू भई सीपको औपचारिक मान्यता हुनेछ ।

७. डिजिटल साक्षरता तथा प्रविधिमैत्री सिकाइ विस्तार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य (पाँच वर्ष)**

| क्र.सं. | नतिजा सूचक | हालको अवस्था | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | साक्षरता दर | ७५% | ८०% | ८५% | ८८% | ९२% | ९५% | ९५% |
| २ | पुनःसाक्षरता प्राप्त वयस्क | ३०% | ४०% | ५०% | ६०% | ७०% | ८०% | वृद्धि |
| ३ | सामुदायिक सिकाइ केन्द्र सक्रियता | ४०% | ५०% | ६०% | ७०% | ८५% | १००% | पूर्ण सक्रिय |
| ४ | सीपमूलक तालिम सहभागिता | २०% | ३०% | ४०% | ५०% | ६५% | ८०% | वृद्धि |
| ५ | RPL मार्फत प्रमाणपत्र प्राप्त | ० | २० | ४० | ६० | ८० | १०० | विस्तार |
| ६ | डिजिटल साक्षरता दर | २५% | ३५% | ४५% | ६०% | ७५% | ९०% | वृद्धि |
| ७ | रोजगारसँग जोडिएका तालिम लाभार्थी | २०% | ३०% | ४०% | ५०% | ६०% | ७०% | वृद्धि |
| ८ | आजीवन सिकाइ कार्यक्रम पहुँच | ३०% | ४०% | ५०% | ६५% | ८०% | ९५% | विस्तार |

### ३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक भौतिक लक्ष्य (पाँच वर्ष)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | साक्षरता कक्षा सञ्चालन | कक्षा | २० | २५ | ३० | ३५ | ४० | १५० |
| २ | पुनःसाक्षरता कार्यक्रम | कार्यक्रम | ५ | ६ | ७ | ८ | १० | ३६ |
| ३ | सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ४ | सीपमूलक तालिम सञ्चालन | तालिम | ३ | ४ | ५ | ६ | ७ | २५ |
| ५ | RPL कार्यक्रम सञ्चालन | कार्यक्रम | १ | २ | २ | ३ | ३ | ११ |
| ६ | डिजिटल साक्षरता प्रशिक्षण | कार्यक्रम | २ | ३ | ४ | ५ | ६ | २० |
| ७ | महिला सशक्तीकरण कार्यक्रम | कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ८ | आजीवन सिकाइ अभिमुखीकरण | कार्यक्रम | ४ | ४ | ४ | ४ | ४ | २० |
| ९ | स्थानीय स्रोत व्यक्ति तालिम | तालिम | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | सिकाइ सामग्री वितरण | सेट | १० | १२ | १४ | १६ | १८ | ७० |
| ११ | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १२ | समुदाय सचेतना कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १३ | रोजगारमुखी तालिम | तालिम | २ | ३ | ३ | ४ | ४ | १६ |
| १४ | साझेदारी कार्यक्रम | कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| १५ | स्थानीय सिकाइ अभियान | अभियान | १ | १ | १ | १ | | |

## परिच्छेद -४
## अन्तरसम्बन्धित बिषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन
### ४.१.१ परिचय

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो। शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो। पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन बिषयमा के पढाउने ? कुन कुन बिषयवस्तु पढाउने के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन्। पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो। शैक्षिक विकेन्द्रिकरण अन्तरगत आधारभूत तह सम्म स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गर्ने कानुनी व्यबस्था अनुसार हाल स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

### ४.१.२ वर्तमान अवस्था

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक, रोजगारमुलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भूको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM- EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ । नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्धन भई नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई स्थानिय  पाठ्यक्रम नीतिले संबोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी बाहेक गाउँपालिकामा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी समस्या र चुनौती यस प्रकार छनः-

१. पाठ्यक्रमले तोकेका व्यवहारिक तथा जीवनोपयोगी सीप विकास गर्नु ।
२. पाठ्यक्रमले तोके अनुसारका शैक्षणिक योजना निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउनु ।
३. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्नु ।
४. वर्तमान सूचना तथा प्रविधिको भरपुर प्रयेग गर्न सक्ने गरी उपलब्ध जनशक्तिके क्षमता विकास गर्नु ।
५. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा उत्पादन गर्नु ।
६. शिक्षणलाई सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्नु ।
७. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्थानीय पाठ्यक्रम र स्रोत सामग्री निर्माण गर्न नसक्नु ।
८. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु ।
९. पाठ्यपुस्तकको सिमित घेरा भन्दा बाहिर पनि शिक्षण सिकाइ क्रियाकलापलाई आबद्ध गराउनु ।
१०. स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्नु ।
११. विषयगत शिक्षक पदपुर्ति र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ४.१.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरुमा जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास भइ सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने

### ४.१.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१. स्थानीय तहको आवश्यकता बमोजिमको स्थानीय बिषयको पाठ्यक्रमको निर्माण परिमार्जन तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

२. शिक्षण सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु ।
३. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्नु ।

### ४.१.५ रणनीति

पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. स्थानीय स्तरका आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने, गराउने ।
२. निर्माण गरिएका पाठ्यक्रम तथा विषयबस्तुलाई शिक्षक तथा सरोकारवालाहरुलाई प्रवोधिकरण गरिने ।
३. राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने ।
४. सबलीकृत पाठ्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने ।
५. समय समयमा विषयगत शिक्षक कार्यशालाहरुको आयोजनागरी पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको पुनर्ताजकी गराउने ।
६. शिक्षकको पेशागत विकास गर्ने ।
७. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका वालवालिकाई सहयोग गर्ने व्यबस्था गरिने ।

### ४.१.६ उपलब्धी, नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धी**

१. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भएको हुनेछ ।
२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधिकरण भएको हुनेछ ।
३. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्रीको विकास भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यपुस्तक लागु गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै |
| २ | नियमित रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय संख्या | ५ | २० | ३२ | ३२ | ३२ |
| ३ | Online Portal को प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने विद्यालय | ४ | १० | २० | २८ | ३२ |
| ४ | एकिकृत पाठ्यक्रमको कार्यान्वयन गर्ने विद्यालय संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | पाठ्यक्रम निर्माण, पाठ्यसामग्री विकास, छपाइ र वितरण | पटक | १ | १ | १ | १ | १ | ३ | संघ, प्रदेश, स्थानीय तह |
| २ | पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | स्थानीय पाठ्यपुस्तक वितरण | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ४ | कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ५ | कक्षाकोठामा आधारित विद्यार्थी निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता" पुरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ । शिक्षकको योग्यता, क्षमता, दक्षताको विद्यार्थी सिकाइमा प्रत्यक्ष प्रभाव पर्छ । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन् । शिक्षक को पेशागत विकासका लागि TPD तालिम कष्टमाइज्ड तालिमजस्ता थुप्रै तालिमहरु आमने- सामने तथा सूचना प्रविधिको माध्यमवाट सञ्चालन हुँदै आएका छन् । शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परिक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ । विद्यालयको शैक्षिक विकासका लागि दक्ष, सक्षम र निपूर्ण शिक्षकको आवश्यकता पर्दछ । शैक्षिक विकासमा शिक्षकको महत्वपूर्ण भूमिका हुने गर्दछ । विध्यार्थीको मनोभावना अनुरुपको पठनपाठनका लागि तालिम प्राप्त शिक्षकको आवश्यकता हुने कुरामा दुई मत नै छैन ।

### ४.२.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिका अन्तरगत ३२ वटा सामुदायिक विद्यालयहरु रहेका छन । जसमा प्राथमिक तहमा ८६ वटा दरबन्दी र ९ वटा राहत अनुदान कोटा गरी जम्मा ९५ जना शिक्षकहरु कार्यरत रहेका छन । आधारभूत तह (कक्षा ६-८) मा २३ वटा दरबन्दी र ७ वटा राहत अनुदान कोटा गरी जम्मा ३० जना शिक्षकहरु कार्यरत छन । माध्यमिक तह (कक्षा ९-१०) मा १३ वटा दरबन्दी र ८ वटा राहत अनुदान कोटा गरी जम्मा २१ जना शिक्षकहरु कार्यरत छन । त्यसै गरि साविक उमावि तहमा ४ वटा दरबन्दी र २ वटा राहत अनुदान कोटा गरी जम्मा ६ जना शिक्षकहरु कार्यरत छन भने प्राविधिक तर्फ ८ जना कार्यरत रहेका छन ।

यसरी दरबन्दी विवरण र विद्यार्थी संख्याको अनुपातका आधारमा हेर्ने हो भने प्राथमिक तहमा कतिपय विद्यालयमा दरबन्दी मिलान गर्नुपर्ने तथा विद्यालय मर्ज गर्नुपर्ने वाध्यता रहेको छ । तर साविक निम्न माध्यमिक तह र माध्यमिक तहमा विषयगत रुपमा दरबन्दीको अभाव रहेको छ । विषयगत शिक्षकको अभाभवमा शैक्षिक गुणस्तरमा समस्या सिर्जना भएको छ । त्यो अभाव पुर्ति गर्नका लागि पालिकाले स्वयम सेवक र अनुदान शिक्षकका रुपमा सहजिकरण गरिरहेको छ । यद्यपि विषयगत शिक्षकको अभाव समय समयमा सिर्जना हुने गरेको छ ।

**चुनौतिहरु**

१. शिक्षण पेसालाई आकर्षक बनाउनु ।
२. दक्ष र योग्य शिक्षक कक्षाकोठामा पुऱ्याउनु ।
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।
४. विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसंग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
५. विषयगत दरबन्दी मिलान गर्नु र आवश्यक दरबन्दीको पूर्ति गर्नु ।
६. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु

### ४.२.२ उद्देश्यः

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१. सबै तहमा तहगत र विषयगत शिक्षको व्यबस्थापन गर्नु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।

### ४.२.३ रणनीतिहरुः

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. शिक्षक विधार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने ।
२. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समिति द्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार शिक्षक छनौट परीक्षा संचालन गर्ने ।
३. स्थानीय तहमा प्रअ तथा विषयगत शिक्षक संजाल तयार पार्ने ।
४. सेवा निवृत्त शिक्षकहरूको सञ्जालद्वारा विषयगत दक्षता र तालिम प्रशिक्षण अनुभव भएका निवृत शिक्षकको प्रयोग गरि कार्यरत शिक्षक पेशागत सहयोग विकास गर्ने ।

५. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाईसँग आवद्ध गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. दरबन्दी मिलान तथा थप स्थानीय दरबन्दी सृजना मार्फत विषयगत शिक्षकको व्यबस्थापन हुनेछ ।
२. शिक्षकको निरन्तर पेसागत विकास मार्फत योग्य र दक्ष शिक्षकको व्यबस्थापन हुनेछ ।
३. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाईमा सुधार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | विषयगत शिक्षक दरबन्दीको व्यबस्थापन विद्यालय संख्या निमा तथा मावि | ५ | २ | ४ | २ | २ |
| २ | तालिम प्राप्त वालविकास शिक्षक संख्या | ० | १० | ५ | ७ | ८ |
| ३ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धि तालिम प्राप्त शिक्षक प्रतिशत | १० | १० | २० | ३० | ४० |
| ४ | | | | | | |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र प्रदेश गर्ने |
| २ | सूचना प्रविधि संग सम्बन्धित तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३ | कक्षा ३, ५ र ८ का प्रमुख बिषयको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | बिषयगत शैक्षिक उपलब्धी गोष्ठी तथा समिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बिषयगत रोष्टर विज्ञ समूह निर्माण गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ६ | प्रअ नेतृत्व क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ७ | विज्ञ तथा रोष्टर समूहबाट कक्षा अवलोकन, अनुगमन सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह |
| ८ | शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक ब्यबस्थापन कार्यविधि निर्माण | पटक | १ | | | | | | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

शिक्षा प्रत्येक नागरिकको मौलिक अधिकार हो। नेपालको संविधानले सबै नागरिकलाई समान अवसरसहित गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। शिक्षा प्रणालीमा कुनै पनि विद्यार्थी जात, जाति, भाषा, धर्म, लिङ्ग, आर्थिक अवस्था, भौगोलिक अवस्था, अपाङ्गता वा अन्य कुनै आधारमा विभेदमा पर्नु हुँदैन। त्यसैले शैक्षिक समता र समावेशीकरण नेपालको शिक्षा नीतिको प्रमुख आधारका रूपमा रहेका छन्।

### ४.३.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिका अन्तगत बसोबास गर्ने मानिसहरु मूख्यतया डोटेली भाषिक रहेको तथापि यँहा जनाजातिहरुको समेत बसोबास रहेको छ । भौगोलिक रुपले विकट तथा आर्थिक रुपले विपन्न मानिसहरुको बसोबास भएको कारण शिक्षामा समता र समावेशीकरण कार्यान्वयनमा चूनौति रहेको छ । यस पालिका अन्तरगत वडा नं ३ स्थित श्री सरस्वती नमुना माध्यमिक विद्यालयमा सुस्त श्रवण सम्बन्धि समस्या भएका वालवालिकाहरुका लागि स्रोत कक्षाको व्यबस्था रहेको छ । विशेष गरी अन्य फरक क्षमता भएका वालवालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन भने समस्या रहेको छ । विद्यालयको भौतिक संरचना अपाङ्गमैत्री नहुन तथा अन्य सामग्रीहरुको अभावका कारण समावेशीकरण कार्यान्यवनमा समस्या रहेको छ ।

**चुनौतिहरुः**

- आर्थिक असमानता
- दुर्गम भौगोलिक अवस्था
- अपाङ्गतामैत्री पूर्वाधारको कमी
- प्रशिक्षित शिक्षकको अभाव
- सामाजिक विभेद तथा रूढीवादी सोच
- विद्यालय छोड्ने दर

- बालविवाह
- बालश्रम

४.३.२ **उदेश्य**

- गाउँपालिकाभित्रका सबै बालबालिकाको आधारभूत तथा माध्यमिक शिक्षामा समान पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्नु।
- आर्थिक रूपमा विपन्न, दलित, जनजाति, अपाङ्गता भएका समुदायका बालबालिकाका लागि आवश्यक सहयोग, छात्रवृत्ति तथा सहायक सेवाहरूको व्यवस्था गरी शैक्षिक समता प्रवर्द्धन गर्दै सबै प्रकारका विभेद र दुर्व्यवहरा अन्त्यको सुनिश्चितता गर्नु।
- विद्यालयका भौतिक संरचना, शौचालय, खानेपानी, कक्षाकोठा तथा सिकाइ वातावरणलाई क्रमशः अपाङ्गतामैत्री र समावेशी बनाउँदै लैजानु।

४.३.३ **रणनीति**

- विद्यालय उमेर समूहका सबै बालबालिकाको नियमित तथ्याङ्क अद्यावधिक गरी विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गर्ने।
- विद्यालय भर्ना तथा पुनःभर्ना अभियानलाई समुदायस्तरमा प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- विद्यालय छोड्ने जोखिममा रहेका बालबालिकाको पहिचान गरी आवश्यक शैक्षिक, सामाजिक तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने।
- दुर्गम बस्ती, आर्थिक रूपमा कमजोर तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने।
- लक्षित समूहका बालबालिकाका लागि आवश्यकतामा आधारित छात्रवृत्ति तथा शैक्षिक सहायता कार्यक्रम सञ्चालन गर्ने।
- अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, सहायक प्रविधि तथा आवश्यक सहयोगी सेवाको व्यवस्था गर्ने।
- विद्यालयमा लैङ्गिक, जातीय, भाषिक तथा सामाजिक विभेदविरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्ने।
- विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी तथा विद्यालय परिसरलाई अपाङ्गतामैत्री मापदण्डअनुसार क्रमिक रूपमा स्तरोन्नति गर्ने।
- समावेशी शिक्षण—सिकाइका लागि आवश्यक शिक्षण सामग्री, ICT तथा सहायक उपकरणको उपलब्धता सुनिश्चित गर्ने।

४.३.४ **प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

१. समतामूलक शिक्षा पहुँच तथा सहभागिता सुनिश्चित हुनेछ ।

२. विभेदरहित तथा समावेशी शैक्षिक वातावरणको विकास हुनेछ ।

३. अपाङ्गतामैत्री तथा गुणस्तरीय विद्यालय वातावरणको स्थापना हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय वाहिर रहेका विद्यालय उमेर समुहका वालवालिका पहिचान | ० | १ | १ | १ | १ |
| २ | आधारभूत तहमा खुद भर्ना दर NER | ० | १० | ५ | ७ | ८ |
| ३ | विद्यालय छोड्ने दर | १० | १० | २० | ३० | ४० |
| ४ | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र निर्माण | | | | | |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र प्रदेश गर्ने |
| २ | अपाङ्गता भएका वालवालिकाको पहिचानका लागि Early Screening Program | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३ | विद्यालय वाहिर रहेका वालवालिकालाई विद्यालय स्वागत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | आर्थिक रुपले विपन्न वालवालिकाहरुलाई शैक्षिक छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ५ | समावेशी तथा विशेष शिक्षा सम्बन्धि शिक्षहरुलाई | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखिकरण | | | | | | | | |
| ६ | विद्यालयका भौतिक संरचनालाई वालमैत्री अपाङ्गमैत्री निर्माण तथा स्तरोन्नती | विद्यालय | ५ | १० | १० | ५ | २ | ३२ | स्थानीय तह |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिकाका अधिकांश विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमले विद्यार्थीको विद्यालयमा नियमित उपस्थिति, पोषण अवस्था र सिकाइमा सकारात्मक प्रभाव पारेको छ। केही विद्यालयमा शुद्ध खानेपानी, हात धुने सुविधा, शौचालय तथा सरसफाइका आधारभूत सुविधा उपलब्ध भए पनि सबै विद्यालयमा गुणस्तरीय र बालमैत्री स्वास्थ्य तथा सरसफाइका मापदण्ड पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

विद्यालय स्वास्थ्य परीक्षण, किशोरकिशोरी स्वास्थ्य शिक्षा, मानसिक स्वास्थ्य परामर्श, महिनावारी स्वच्छता व्यवस्थापन, पोषण शिक्षा तथा विद्यालय स्वास्थ्य अभिलेख व्यवस्थापन नियमित र व्यवस्थित रूपमा सञ्चालन हुन सकेको छैन। दुर्गम बस्तीका विद्यालयमा स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी जनचेतनाको पहुँच अझै सीमित रहेको छ।

**मुख्य चुनौतीहरू**

- दिवा खाजा कार्यक्रमको गुणस्तर तथा पोषण सन्तुलन कायम गर्न चुनौती।
- सबै विद्यालयमा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधाको अभाव।
- नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य अभिलेख व्यवस्थापनको कमी।
- महिनावारी स्वच्छता व्यवस्थापनका लागि पर्याप्त सुविधा तथा सामग्रीको अभाव।
- विद्यार्थी, अभिभावक तथा समुदायमा पोषण तथा स्वास्थ्यसम्बन्धी पर्याप्त सचेतनाको कमी।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको अभाव।

### ४.४.२ उद्देश्यहरू

- विद्यालयमा अध्ययनरत सबै विद्यार्थीको पोषण तथा स्वास्थ्य अवस्था सुधार गरी सिकाइका लागि स्वस्थ, सुरक्षित र बालमैत्री वातावरण सुनिश्चित गर्नु।
- विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ, व्यक्तिगत स्वच्छता तथा महिनावारी स्वच्छता व्यवस्थापनलाई प्रभावकारी बनाउनु।
- विद्यालय स्वास्थ्य परीक्षण, पोषण शिक्षा, मानसिक स्वास्थ्य तथा स्वास्थ्य सचेतना कार्यक्रमलाई नियमित र संस्थागत गर्नु।

### ४.४.३ रणनीतिहरू

- पोषणयुक्त, स्थानीय उत्पादनमा आधारित तथा गुणस्तरीय दिवा खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- विद्यालय स्वास्थ्य परीक्षण, दाँत, आँखा, श्रवण तथा सामान्य स्वास्थ्य परीक्षणलाई स्वास्थ्य संस्थासँग समन्वय गरी नियमित सञ्चालन गर्ने।
- विद्यालयमा सुरक्षित खानेपानी, हात धुने सुविधा, शौचालय तथा फोहोर व्यवस्थापनको स्तर सुधार गर्ने।
- किशोर—किशोरी स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य, जीवनोपयोगी सीप तथा महिनावारी स्वच्छतासम्बन्धी शिक्षा नियमित सञ्चालन गर्ने।
- स्वास्थ्य संस्था, विद्यालय, अभिभावक तथा समुदायबीच समन्वय र साझेदारीलाई सुदृढ बनाउने।
- विद्यालयमा नियमित रुपमा जुकाको औषधि तथा आइरन चक्की वितरण गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

- सबै विद्यालयमा सुरक्षित, स्वस्थ र पोषणमैत्री विद्यालय वातावरण विकास भएको हुनेछ।
- विद्यार्थीहरूको पोषण अवस्था, नियमित उपस्थिति, स्वास्थ्य अवस्था तथा सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम संस्थागत भई नियमित स्वास्थ्य परीक्षण, पोषण शिक्षा तथा सरसफाइ अभ्यास प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा गुणस्तरीय दिवा खाजा तथा स्थानीय स्तरमा उत्पादित वस्तुको प्रयोग | ० | ३२ | ३२ | ३२ | ३२ |
| २ | विद्यालयमा सुरक्षित खानेपानी तथा हात धुने सुविधा सुनिश्चित | ८ | ८ | १० | ५ | २ |
| ३ | विद्यार्थी स्वास्थ्य प्रोफाइल कार्ड | ८ | ३२ | ३२ | ३२ | ३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यबस्थापन | | | | | |
| ४ | विद्यालयमा प्राथमिक उपचार (First Aid) सामग्री | १ | ३२ | ३२ | ३२ | ३२ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | दिवाखाजाका लागि भाडावर्तन व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र प्रदेश गर्ने |
| २ | दिवाखाजा कार्यक्रमको अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह |
| ३ | महिनावारी स्वच्छता तथा सरसफाइ सम्बन्धि सचेनता कार्यक्रम | विद्यालय | ३ | ८ | ८ | १० | ६ | ३२ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | आर्थिक रुपले विपन्न वालवालिकाहरुलाई शैक्षिक छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ५ | विद्यालयमा करेशावारी निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

## ४.५ विद्यालय सुरक्षा,विपद् न्यूनिकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिका भौगोलिक रूपमा पहाडी तथा केही स्थानहरू जोखिमयुक्त भएकाले प्राकृतिक विपद् (भूकम्प, पहिरो, अतिवृष्टि, बाढी, हावाहुरी, चट्याङ, डढेलो आदि) को जोखिम रहेको छ। यस्ता विपद्ले विद्यालयको भौतिक संरचना, शैक्षिक वातावरण तथा शिक्षण–सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ।

गाउँपालिकाभित्रका अधिकांश विद्यालयमा आधारभूत सुरक्षा उपायहरू अपनाइएका भए पनि सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना (School Disaster Management Plan) पूर्ण रूपमा तयार तथा कार्यान्वयन भएको अवस्था छैन। विद्यालयस्तरीय विपद् व्यवस्थापन समिति, नियमित मोक ड्रिल (Mock Drill), प्राथमिक उपचार सामग्री, आगलागी नियन्त्रण उपकरण तथा आकस्मिक उद्धार सामग्रीको पर्याप्त व्यवस्था हुन सकेको छैन। साथै अधिकांश विद्यालय भवनहरू भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण वा स्तरोन्नति हुन बाँकी छ।

जलवायु परिवर्तनका कारण बढ्दो प्राकृतिक प्रकोपले विद्यालय शिक्षा निरन्तरतामा थप चुनौती सिर्जना गरिरहेको छ। त्यसैले विद्यालयलाई सुरक्षित, उत्थानशील (Resilient) तथा विपद्प्रति तयारी अवस्थामा राख्नु आवश्यक देखिन्छ।

**मुख्य चुनौतीहरू**

- सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना कार्यान्वयन हुन नसक्नु।
- भूकम्प प्रतिरोधी तथा सुरक्षित विद्यालय भवनको अभाव।
- पहिरो, बाढी, डढेलो, चट्याङ तथा अन्य प्राकृतिक विपद्को उच्च जोखिम।
- विपद् व्यवस्थापनसम्बन्धी शिक्षक तथा विद्यार्थीको क्षमता सीमित हुनु।
- नियमित विपद् अभ्यास (Mock Drill) सञ्चालन नहुनु।
- प्राथमिक उपचार सामग्री, आगलागी नियन्त्रण उपकरण तथा उद्धार सामग्रीको अभाव।
- विपद्पछि शिक्षणसिकाइलाई निरन्तरता दिने वैकल्पिक व्यवस्थाको कमी।

### ४.५.२ उद्देश्यहरू

- गाउँपालिकाभित्रका सबै विद्यालयलाई सुरक्षित, विपदमैत्री तथा उत्थानशील विद्यालयका रूपमा विकास गर्नु।
- विद्यालयस्तरमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा पुनःस्थापना क्षमताको विकास गर्नु।
- विपद्का समयमा पनि शिक्षण सिकाइ कार्यलाई सुरक्षित र निरन्तर सञ्चालन गर्न सक्ने प्रणाली विकास गर्नु।

### ४.५.३ रणनीतिहरू

- प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने।
- विद्यालय भवन तथा अन्य भौतिक संरचनालाई सुरक्षित तथा भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण तथा स्तरोन्नति गर्ने।
- शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिलाई विपद् जोखिम न्यूनीकरण, प्राथमिक उपचार तथा खोज—उद्धारसम्बन्धी तालिम प्रदान गर्ने।
- प्रत्येक विद्यालयमा नियमित रूपमा विपद् अभ्यास (Mock Drill) सञ्चालन गर्ने।
- विद्यालयमा प्राथमिक उपचार सामग्री, आगो निभाउने उपकरण तथा आकस्मिक उद्धार सामग्रीको व्यवस्था गर्ने।
- स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा समुदायसँग समन्वय र साझेदारी सुदृढ गर्ने।

- विपद्को समयमा वैकल्पिक सिकाइ तथा शिक्षा निरन्तरता (Education in Emergencies) सम्बन्धी व्यवस्था विकास गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

- गाउँपालिकाका सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
- विद्यालयका शिक्षक, विद्यार्थी तथा सरोकारवालाको विपद् पूर्वतयारी, उद्धार तथा प्रतिकार्य क्षमता अभिवृद्धि भई विद्यालय सुरक्षित तथा उत्थानशील बनेका हुनेछन्।
- विपद्का कारण शिक्षण सिकाइमा पर्ने अवरोध न्यून भई सुरक्षित तथा निरन्तर शिक्षण सिकाइ प्रणाली विकास भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुरक्षा तथा विपद् प्रतिकार्य योजना निर्माण गरेका विद्यालय संख्या | ० | ३२ | ३२ | ३२ | ३२ |
| २ | विद्यालयमा शिक्षा निरन्तरता (Education Continuity Plan) सम्बन्धी व्यवस्था विकास भएका विद्यालय संख्या | ० | ८ | १५ | ५ | ४ |
| ३ | प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना तयार तथा अद्यावधिक विद्यालय संख्या | ० | ३२ | ३२ | ३२ | ३२ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयस्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| २ | विद्यालयमा विपद् अभ्यास (Mock Drill) सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | स्थानीय तह |
| ३ | प्राथमिक तथा विपद् प्रतिकार्य उपकरण व्यबस्थापन | विद्यालय | ३ | ८ | ८ | १० | ६ | ३२ | स्थानीय तह |
| ४ | निरन्तर सिकाइका लागि सिकाइ समूह निर्माण | विद्यालय | ८ | ७ | ५ | ५ | ७ | ३२ | स्थानीय तह |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा आधारभूत भौतिक पूर्वाधारको क्रमिक विकास भइरहेको भए पनि सबै विद्यालयमा न्यूनतम मापदण्डअनुसारका पूर्वाधारहरू उपलब्ध हुन सकेका छैनन्। केही विद्यालयमा सुरक्षित तथा सुविधा सम्पन्न विद्यालय भवन, पर्याप्त कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि (ICT) कक्ष, सुरक्षित खानेपानी, शौचालय, खेलमैदान, घेराबार तथा फर्निचरको अभाव रहेको छ।

भौगोलिक विकटता, सीमित आर्थिक स्रोत तथा प्राकृतिक विपद्को जोखिमका कारण विद्यालय पूर्वाधारको निर्माण, मर्मत तथा स्तरोन्नतिमा चुनौती देखिएको छ। अधिकांश विद्यालयमा अपाङ्गतामैत्री संरचना, र्याम्प, पहुँचयोग्य शौचालय तथा समावेशी सिकाइका लागि आवश्यक पूर्वाधार पर्याप्त छैनन्। केही विद्यालयका भवन पुराना तथा मर्मत आवश्यक अवस्थामा रहेका छन् भने सूचना—प्रविधिमैत्री शिक्षणका लागि आवश्यक डिजिटल पूर्वाधार अझै अपर्याप्त छ।

**मुख्य चुनौतीहरू**

- न्यूनतम मापदण्डअनुसार विद्यालय भवन तथा कक्षाकोठाको अभाव।
- पुराना तथा जीर्ण विद्यालय भवनहरूको मर्मत तथा पुनर्निर्माणको आवश्यकता।
- अपाङ्गतामैत्री पूर्वाधारको कमी।
- सुरक्षित खानेपानी, शौचालय तथा सरसफाइ सुविधाको अभाव।
- विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT कक्षको अपर्याप्तता।
- खेलमैदान, घेराबार तथा हरित विद्यालय वातावरणको कमी।
- सीमित बजेट तथा दुर्गम भौगोलिक अवस्थाका कारण पूर्वाधार विकासमा कठिनाइ।

- नियमित मर्मतसम्भार तथा सम्पत्ति व्यवस्थापन प्रणाली कमजोर हुनु।

### ४.६.२ उद्देश्यहरू

- सबै विद्यालयमा न्यूनतम मापदण्डअनुसार सुरक्षित, गुणस्तरीय, समावेशी तथा बालमैत्री भौतिक पूर्वाधारको विकास गर्नु।
- विद्यालयलाई प्रविधिमैत्री, वातावरणमैत्री तथा अपाङ्गतामैत्री शिक्षण सिकाइ केन्द्रका रूपमा विकास गर्नु।
- विद्यालय पूर्वाधारको नियमित मर्मतसम्भार, संरक्षण तथा दिगो व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

### ४.६.३ रणनीतिहरू

- विद्यालय पूर्वाधारको आवश्यकता पहिचान गरी प्राथमिकताका आधारमा निर्माण, विस्तार तथा स्तरोन्नति गर्ने।
- विद्यालय भवन, कक्षाकोठा तथा अन्य संरचनाहरूलाई भूकम्प प्रतिरोधी तथा सुरक्षित मापदण्डअनुसार निर्माण गर्ने।
- सबै विद्यालयमा सुरक्षित खानेपानी, शौचालय, हात धुने सुविधा तथा फोहोर व्यवस्थापन प्रणाली विस्तार गर्ने।
- अपाङ्गतामैत्री पूर्वाधार विकास गर्ने।
- विज्ञान प्रयोगशाला, पुस्तकालय, ICT कक्ष तथा डिजिटल शिक्षण सामग्रीको विस्तार गर्ने।
- विद्यालय सम्पत्ति संरक्षण, नियमित मर्मतसम्भार तथा हरित विद्यालय अवधारणालाई संस्थागत गर्ने।
- संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारसँग समन्वय गरी स्रोत परिचालन गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

- गाउँपालिकाका सबै विद्यालयमा न्यूनतम मापदण्डअनुसार सुरक्षित, समावेशी तथा बालमैत्री भौतिक पूर्वाधार विकास भएको हुनेछ।
- विद्यालयहरूमा सूचना प्रविधि, प्रयोगशाला, पुस्तकालय, सुरक्षित खानेपानी, सरसफाइ तथा अन्य आवश्यक शैक्षिक पूर्वाधारको पहुँच विस्तार भई गुणस्तरीय शिक्षण सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।
- विद्यालय पूर्वाधारको नियमित मर्मत सम्भार, संरक्षण तथा दिगो व्यवस्थापन प्रणाली संस्थागत भई विद्यालयहरू सुरक्षित, वातावरणमैत्री तथा उत्थानशील बनेका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | | ० | ३२ | ३२ | ३२ | ३२ |
| २ | | ० | ८ | १५ | ५ | ४ |
| ३ | | ० | ३२ | ३२ | ३२ | ३२ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| २ | | पटक | २ | २ | २ | २ | २ | १० | स्थानीय तह |
| ३ | | विद्यालय | ३ | ८ | ८ | १० | ६ | ३२ | स्थानीय तह |
| ४ | | विद्यालय | ८ | ७ | ५ | ५ | ७ | ३२ | स्थानीय तह |

### ४.६.५ परिमाणात्मक लक्ष्यहरू

- १००% विद्यालयमा सुरक्षित तथा मापदण्डअनुसारका कक्षाकोठा सुनिश्चित गर्ने।
- १००% विद्यालयमा सुरक्षित खानेपानी तथा छुट्टाछुट्टै बालक-बालिका शौचालयको व्यवस्था गर्ने।
- १००% विद्यालयमा हात धुने सुविधा तथा सरसफाइ व्यवस्थापन प्रणाली स्थापना गर्ने।
- कम्तीमा ८०% विद्यालयमा अपाङ्गतामैत्री पूर्वाधार विकास गर्ने।
- १००% विद्यालयमा आवश्यक फर्निचरको व्यवस्था गर्ने।
- कम्तीमा ८०% माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालयलाई स्तरोन्नति गर्ने।
- १००% माध्यमिक विद्यालय तथा आवश्यकताअनुसार आधारभूत विद्यालयमा ICT सुविधा विस्तार गर्ने।
- १००% विद्यालयमा घेराबार, नामपट्ट तथा सुरक्षा संकेतहरूको व्यवस्था गर्ने।
- १००% विद्यालयमा वार्षिक मर्मतसम्भार योजना कार्यान्वयन गर्ने।
- कम्तीमा ७५% विद्यालयमा हरित विद्यालय (Green School) अवधारणाअनुसार वृक्षारोपण तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्ने।

---

### ४.६.६ कार्यान्वयन गरिने प्रमुख क्रियाकलापहरू

1. विद्यालय पूर्वाधारको विस्तृत आवश्यकता पहिचान (Infrastructure Mapping) तथा प्राथमिकता निर्धारण गर्ने।
2. नयाँ विद्यालय भवन, कक्षाकोठा तथा प्रशासनिक भवन निर्माण तथा जीर्ण भवनहरूको मर्मत र पुनर्निर्माण गर्ने।
3. अपाङ्गतामैत्री र्याम्प, पहुँचयोग्य शौचालय, हातेबार तथा अन्य आवश्यक संरचना निर्माण गर्ने।
4. सुरक्षित खानेपानी, हात धुने स्थान, शौचालय तथा फोहोर व्यवस्थापन प्रणाली निर्माण तथा स्तरोन्नति गर्ने।

5. विद्यालयमा आवश्यक फर्निचर, ब्ल्याकबोर्ड/ह्वाइटबोर्ड तथा कक्षाकोठा व्यवस्थापन सामग्री उपलब्ध गराउने।
6. विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला तथा ICT उपकरण स्थापना तथा सुदृढीकरण गर्ने।
7. विद्यालय परिसरमा घेराबार, खेलमैदान, वृक्षारोपण तथा हरित वातावरण विकास गर्ने।
8. विद्यालय भवनको नियमित प्राविधिक निरीक्षण, मर्मतसम्भार तथा सम्पत्ति अभिलेख व्यवस्थापन गर्ने।
9. विद्यालय पूर्वाधार विकासमा संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारसँग समन्वय गरी स्रोत परिचालन गर्ने।
10. विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा गुणस्तर सुनिश्चितता गर्ने।

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग क्रमशः विस्तार हुँदै गएको भए पनि यसको पहुँच र प्रभावकारी उपयोग सबै विद्यालयमा समान रूपमा हुन सकेको छैन। केही विद्यालयमा कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, स्मार्ट टेलिभिजन तथा अन्य डिजिटल उपकरण उपलब्ध भए पनि अधिकांश विद्यालयमा आवश्यक ICT पूर्वाधार, भरपर्दो इन्टरनेट सेवा तथा नियमित प्राविधिक सहयोगको अभाव रहेको छ।

शिक्षकहरूमा डिजिटल प्रविधिको प्रयोग सम्बन्धी आधारभूत ज्ञान भए पनि कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी एकीकरण अझै सीमित रहेको छ। विद्यार्थीहरूमा पनि डिजिटल साक्षरताको स्तर विद्यालयअनुसार फरक फरक रहेको छ। दुर्गम भौगोलिक अवस्था, विद्युत् आपूर्तिमा समस्या तथा सिमित बजेटका कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारमा चुनौती देखिएको छ।

**मुख्य चुनौतीहरू**

- विद्यालयमा पर्याप्त कम्प्युटर तथा डिजिटल उपकरणको अभाव।
- भरपर्दो इन्टरनेट तथा विद्युत् सेवाको सीमित पहुँच।
- ICT प्रयोगशाला तथा स्मार्ट कक्षाकोठाको कमी।
- शिक्षकहरूको ICT आधारित शिक्षण सीप पर्याप्त नहुनु।
- डिजिटल शिक्षण सिकाइ सामग्रीको अभाव।
- उपकरणहरूको नियमित मर्मतसम्भार तथा प्राविधिक सहयोगको कमी।
- सूचना तथा सञ्चार प्रविधिको दिगो व्यवस्थापनका लागि पर्याप्त बजेटको अभाव।

### ४.७.२ उद्देश्यहरू

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली विकास गर्नु।
- शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापनको डिजिटल क्षमता अभिवृद्धि गर्नु।
- शिक्षण, सिकाइ, मूल्याङ्कन तथा विद्यालय व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।

### ४.७.३ रणनीतिहरू

- विद्यालयमा आवश्यक ICT पूर्वाधार तथा डिजिटल उपकरणको चरणबद्ध विस्तार गर्ने।
- शिक्षकहरूको ICT-आधारित शिक्षण क्षमता विकासका लागि नियमित तालिम सञ्चालन गर्ने।
- विद्यालयहरूमा भरपर्दो इन्टरनेट तथा विद्युत् पहुँच विस्तार गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने।
- डिजिटल शिक्षण सिकाइ सामग्री, ई - सामग्री तथा अनलाइन स्रोतहरूको प्रयोगलाई प्रोत्साहन गर्ने।
- विद्यालय प्रशासन, अभिलेख व्यवस्थापन तथा शैक्षिक सूचना प्रणालीमा डिजिटल प्रविधिको प्रयोग बढाउने।
- ICT उपकरणको नियमित मर्मतसम्भार तथा प्राविधिक सहयोगको व्यवस्था गर्ने।
- साइबर सुरक्षा, डिजिटल नैतिकता तथा सुरक्षित इन्टरनेट प्रयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

- गाउँपालिकाका विद्यालयहरूमा आवश्यक सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विस्तार भई प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास भएको हुनेछ।
- शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता र ICT प्रयोगसम्बन्धी क्षमता अभिवृद्धि भई कक्षाकोठामा प्रविधिको प्रभावकारी प्रयोग बढेको हुनेछ।
- विद्यालय प्रशासन, शिक्षण, मूल्याङ्कन तथा शैक्षिक सूचना व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग संस्थागत भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालय संखया | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा प्रविधिको उपयोग गर्ने | १० | ८ | ५ | ५ | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | | | | | |
| ३ | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | २७ | ३२ | ३२ | ३२ | ३२ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | IEMIS व्यबस्थापन | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| २ | ICT व्यबस्थापन तालिम | पटक | २ | २ | २ | २ | २ | १० | स्थानीय तह |
| ३ | शिक्षण सिकाइमा प्रविधिको प्रयोग | विद्यालय | १० | ८ | ८ | १० | ४ | ३२ | स्थानीय तह |
| ४ | विद्यार्थीहरुलाई डिजिटल साक्षरता सम्बन्धि अभिमुखिकरण तालिम | विद्यालय | ३ | ३ | ३ | ४ | २ | १५ | स्थानीय तह |

# परिच्छेद -५
## सुशासन तथा व्यबस्थापन

### ५.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ त्यसै गरी प्रदेश अन्तरगत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ। बदलिदो परिवेश अनुसार शासकिय संरचना, प्रक्रिया र क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ। वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना, स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्व समेतलाई ख्याल गरी संस्थागत संरचना र क्षमता विकास सम्बन्धी क्रियाकलापहरु गर्नु आवश्यक छ।

### ५.१.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत शिक्षा सम्बन्धी जम्मा २३ वटा अधिकारहरु स्थानीय तहलाई प्रदान गरिएको छ । हाल भागेश्वर गाउँपालिकामा ३२ वटा सामुदायिक विद्यालय, २८ वटा विद्यालयमा ३० जना वालविकास सहजकर्ता कार्यरत छन भने ३ सामुदायिक सिकाइ केन्द्र रहेका छन। प्रत्येक विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ। हाल संघीय शिक्षा ऐन जारी नभएको अवस्थामा स्थानीय तहमा कार्य गर्दा केही द्विविधा उत्पन्न भएको छ। हाल आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ । विद्यालय अनुगमन तथा निरीक्षणको पाटो केही कमजोर भएको देखिन्छ र विद्यालयका शिक्षकहरुको पेशागत विकास पनि हुन नसकेको अवस्था छ। भागेश्वर गाउँपालिकाले स्थानीय शिक्षा ऐन लगाएत विभिन्न कार्यविधि तयार गरेको छ ।

जनशक्ति व्यवस्थापनका दृष्टिले शिक्षा शाखामा सीमित कर्मचारीबाट धेरै विद्यालय तथा कार्यक्रम व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। विद्यालयहरूमा पनि विषयगत शिक्षक, ICT शिक्षक, प्रयोगशाला सहायक तथा प्रशासनिक सहयोगी जनशक्तिको आवश्यकता केही विद्यालयमा विद्यमान छ । शिक्षकहरूको पेशागत क्षमता विकास, कार्यसम्पादन मूल्याङ्कन तथा उत्प्रेरणा प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्ने आवश्यकता देखिन्छ। विद्यालयहरूको आर्थिक व्यवस्थापन सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीअनुसार सञ्चालन भइरहेको छ। विद्यालयहरूले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, लेखा अभिलेख राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने तथा सामाजिक परीक्षण (Social Audit) गर्ने अभ्यासलाई क्रमशः संस्थागत गर्दै लगेका छन्। तथापि केही विद्यालयमा वित्तिय अभिलेख व्यवस्थापन, सार्वजनिक खरिद प्रक्रिया, बेरुजु फछ्र्यौट, सामाजिक परीक्षणको गुणस्तर तथा वित्तिय पारदर्शितामा थप सुधार आवश्यक देखिन्छ।

### मुख्य चुनौतीहरू

- शिक्षासम्बन्धी स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्डलाई समयानुकूल परिमार्जन तथा कार्यान्वयन गर्नु।
- शिक्षा शाखामा आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव।
- विद्यालयमा विषयगत शिक्षक तथा आवश्यक सहयोगी जनशक्तिको असमान उपलब्धता।

- योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा समयबद्धता र प्रभावकारिता अभिवृद्धि गर्नु।
- विद्यालयको वित्तीय व्यवस्थापन, लेखा प्रणाली तथा बेरुजु व्यवस्थापनलाई सुदृढ गर्नु।
- विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शैक्षिक गुणस्तर सुनिश्चितता प्रणालीलाई प्रभावकारी बनाउनु।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायको संस्थागत क्षमता अभिवृद्धि गर्नु।
- शैक्षिक सूचना प्रणाली, डिजिटल अभिलेख तथा तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित बनाउनु।

### ५.१.२ उदेश्य

यस योजनामा सुशासन प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरु निम्न अनुसार रहेका छनः

- विद्यालय र स्थानीय तहबीचको अन्तरसम्बन्ध सुदृढ बनाउने संस्थागत संयन्त्रको विकास गर्नु ।
- विद्यालय तथा शैक्षिक क्षेत्रमा कार्य गर्ने जनशक्तिको आवश्यकता अनुसार व्यवस्था गर्नु ।
- कार्यसम्पादन प्रति उत्तरदायी र नतिजाप्रति जवाफदेहिताको विकास गरी सुशासन कायम गर्नु ।
- विद्यालय तथा स्थानीय तहमा सुशासन, वित्तीय अनुशासन, प्रभावकारी सेवा प्रवाह तथा गुणस्तरीय व्यवस्थापन प्रणाली संस्थागत गर्नु।

### ५.१.३ रणनीतिहरू

- शिक्षासम्बन्धी स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड समयानुकूल निर्माण, परिमार्जन तथा कार्यान्वयन गर्ने।
- शिक्षा शाखा तथा विद्यालयहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक जनशक्ति, तालिम तथा स्रोतसाधनको व्यवस्था गर्ने।
- वार्षिक योजना, बजेट तथा कार्यक्रमलाई सहभागितामूलक, तथ्यमा आधारित तथा नतिजामुखी बनाउने।
- विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापकीय क्षमता विकास गर्ने।
- वित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई नियमित बनाउने।
- डिजिटल सूचना प्रणाली तथा तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई संस्थागत गर्ने।
- नियमित अनुगमन, सुपरिवेक्षण, कार्यसम्पादन मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

- स्थानीय तहको शिक्षा व्यवस्थापन प्रणाली पारदर्शी, उत्तरदायी, सहभागितामूलक तथा नतिजामुखी बनेको हुनेछ।
- शिक्षा शाखा, विद्यालय तथा विद्यालय व्यवस्थापन समितिको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि भई प्रभावकारी सेवा प्रवाह सुनिश्चित भएको हुनेछ।
- योजना, बजेट, लेखा, लेखापरीक्षण, सामाजिक परीक्षण तथा अनुगमन प्रणाली सुदृढ भई सुशासन र वित्तीय अनुशासन संस्थागत भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स | सूचक | आधार बर्ष २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय शिक्षा ऐन, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण वा अद्यावधिक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | विद्यालयमा वार्षिक विद्यालय सुधार योजना (SIP) तथा वार्षिक कार्ययोजना तयार गर्ने विद्यालय संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ३ | विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ वार्षिक रूपमा सञ्चालन गर्ने विद्यालय संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ४ | वित्तीय तथा प्रशासनिक अनुगमन वर्षमा कम्तीमा | २ | २ | २ | २ | २ |
| ५ | विद्यालय व्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन भएका विद्यालय संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय सुधार योजना तथा सामाजिक परीक्षण सम्बन्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३ | सार्वजनिक सुनुवाइ कार्यक्रम | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ४ | प्रत्येक विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र गठन | विद्यालय | ८ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ५ | पालिका र प्र अ तथा प्र अ र शिक्षकबीच कार्यसम्पादन करार सम्झौता गराइ नतिजा प्रति जिम्मेवार र जवाफदेही बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयको सामाजिक परीक्षण र लेखापरिक्षण गर्ने | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

### ५.२.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिकाले शिक्षा क्षेत्रका वार्षिक कार्यक्रमहरू गाउँसभाबाट स्वीकृत नीति तथा बजेटका आधारमा कार्यान्वयन गर्दै आएको छ। शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय, वडा कार्यालय, विषयगत शाखा तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी कार्यक्रम सञ्चालन, अनुगमन तथा प्रतिवेदनको कार्य गर्दै आएको छ। यद्यपि दीर्घकालीन स्थानीय शिक्षा योजना (Local Education Plan) को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय संयन्त्र, कार्यान्वयन कार्ययोजना, नियमित अनुगमन, कार्यसम्पादन मूल्याङ्कन तथा स्रोत व्यवस्थापनलाई अझ व्यवस्थित र संस्थागत गर्नुपर्ने आवश्यकता रहेको छ।

स्थानीय शिक्षा योजनामा समेटिएका कार्यक्रमहरू संघीय, प्रदेश तथा स्थानीय तहका वार्षिक नीति, कार्यक्रम र बजेटसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यसका लागि गाउँपालिका, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, समुदाय तथा विकास साझेदारबीच प्रभावकारी समन्वय, सहकार्य र उत्तरदायित्व आवश्यक छ।

**मुख्य चुनौतीहरू**

- स्थानीय शिक्षा योजनालाई वार्षिक योजना तथा बजेटसँग पूर्ण रूपमा आबद्ध गर्न चुनौती।

- कार्यक्रम कार्यान्वयनमा विभिन्न सरोकारवालाबीच समन्वयको कमी।
- योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय तथा प्राविधिक स्रोतको सीमितता।
- नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली पूर्ण रूपमा संस्थागत हुन नसक्नु।
- नतिजामा आधारित कार्यसम्पादन तथा समीक्षा प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने अवस्था।

### ५.२.२ उद्देश्यहरू

- स्थानीय शिक्षा योजनाको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु।
- योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत, वित्तीय, प्राविधिक तथा मानवीय स्रोतको प्रभावकारी परिचालन गर्नु।
- नियमित अनुगमन, मूल्याङ्कन, समीक्षा तथा प्रतिवेदन प्रणालीमार्फत योजनाको अपेक्षित उपलब्धि हासिल गर्नु।

### ५.२.३ रणनीतिहरू

- स्थानीय शिक्षा योजनालाई गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF), वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग आबद्ध गर्ने।
- योजना कार्यान्वयनका लागि स्पष्ट जिम्मेवारी, समयसीमा, स्रोत तथा कार्यसम्पादन सूचकसहित वार्षिक कार्ययोजना तयार गर्ने।
- शिक्षा, योजना, प्रशासन, आर्थिक प्रशासन, वडा कार्यालय तथा विद्यालयबीच नियमित समन्वय र सहकार्यलाई सुदृढ गर्ने।
- संघ, प्रदेश, विकास साझेदार, निजी क्षेत्र तथा समुदायसँग साझेदारी र स्रोत परिचालन गर्ने।
- नियमित अनुगमन, सुपरिवेक्षण, मध्यावधि समिक्षा तथा अन्तिम मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने।
- सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन, प्रतिवेदन तथा निर्णय प्रणालीलाई सुदृढ गर्ने।
- उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय तथा सरोकारवालालाई प्रोत्साहन गर्ने।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- स्थानीय शिक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन भई शिक्षा क्षेत्रका निर्धारित लक्ष्य तथा सूचकहरू क्रमशः हासिल भएका हुनेछन्।
- शिक्षा योजना, वार्षिक बजेट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीबीच प्रभावकारी समन्वय कायम भएको हुनेछ।
- शिक्षा क्षेत्रका सबै सरोकारवालाको सहभागिता, उत्तरदायित्व तथा साझेदारीमा वृद्धि भई सुशासन र नतिजामुखी व्यवस्थापन संस्थागत भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

- स्थानीय शिक्षा योजनाका कार्यक्रमहरू वार्षिक नीति तथा बजेटमा समावेश गर्ने।
- कार्यक्रमका लागि वार्षिक कार्ययोजना, जिम्मेवारी र समयसीमा निर्धारण गर्ने।

- शिक्षा योजनाको कार्यान्वयन प्रगतिको कम्तीमा त्रैमासिक समीक्षा गर्ने।
- वार्षिक रूपमा विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गर्ने।
- स्थानीय शिक्षा योजनाको मध्यावधि समीक्षा कम्तीमा एक पटक र अन्तिम मूल्याङ्कन योजना अवधि समाप्तिमा सम्पन्न गर्ने।
- शिक्षा क्षेत्रका प्रमुख सूचकहरूको वार्षिक अद्यावधिक तथा प्रगति प्रतिवेदन तयार गर्ने।
- शिक्षा कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको वार्षिक समन्वय बैठक कम्तीमा १ पटक सञ्चालन गर्ने।
- शिक्षा योजनाका कार्यक्रमहरूको वार्षिक वित्तीय तथा भौतिक प्रगति ९०% भन्दा बढी हासिल गर्ने।

**५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ३ | IEMIS अद्यावधिक | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ४ | आवश्यक नीति निर्देशिका तथा कानुन निर्माण तथा परिमार्जन | आवश्यकतानुसार | | | | | | | |
| ५ | सरोकारवालसंग अन्तरक्रिया तथा समिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | योजनाको अद्यावधिक तथा समिक्षा | पटक | | | १ | | १ | २ | |

## परिच्छेद -६
## लगानी र स्रोत व्यबस्थापन

### ६.१ वर्तमान अवस्था

भागेश्वर गाउँपालिकाले शिक्षा क्षेत्रलाई स्थानीय विकासको प्रमुख आधारका रूपमा प्राथमिकता दिँदै संघीय सरकार, सुदूरपश्चिम प्रदेश सरकार तथा गाउँपालिकाको आन्तरिक स्रोतबाट प्राप्त बजेटमार्फत विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। विद्यालय सञ्चालन, शिक्षक तथा कर्मचारी व्यवस्थापन, दिवा खाजा कार्यक्रम, छात्रवृत्ति, शैक्षिक सामग्री, विद्यालय भौतिक पूर्वाधार विकास, सूचना तथा सञ्चार प्रविधि, शिक्षक क्षमता विकास तथा अन्य गुणस्तर अभिवृद्धिका कार्यक्रमहरूमा विभिन्न स्रोतबाट लगानी भइरहेको छ।

शिक्षा क्षेत्रमा हुने लगानीको अधिकांश हिस्सा संघीय सरकारबाट प्राप्त सशर्त अनुदानमा निर्भर रहेको छ। गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट समेत विद्यालय भौतिक पूर्वाधार, स्थानीय पाठ्यक्रम विकास, शिक्षक क्षमता विकास, शैक्षिक गुणस्तर सुधार, सूचना तथा सञ्चार प्रविधि विस्तार, छात्रवृत्ति तथा अन्य नवप्रवर्तनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रदेश सरकार विशेष अनुदान, गैरसरकारी संस्था तथा विद्यालयसँग समेत सहकार्य गरी स्रोत परिचालन गर्ने अभ्यास रहेको छ।

यद्यपि शिक्षामा आवश्यक लगानीको तुलनामा उपलब्ध स्रोत सीमित रहेका कारण सबै विद्यालयको पूर्वाधार विकास, सूचना तथा सञ्चार प्रविधि विस्तार, समावेशी शिक्षा, विद्यालय सुरक्षा, स्वास्थ्य तथा पोषण, शिक्षकको निरन्तर पेशागत विकास तथा गुणस्तर सुधारका कार्यक्रमहरू अपेक्षित रूपमा विस्तार गर्न चुनौती रहेको छ। विद्यालय तथा स्थानीय तहमा उपलब्ध स्रोतको प्रभावकारी परिचालन, परिणाममुखी बजेट विनियोजन तथा वित्तीय व्यवस्थापनलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता देखिन्छ।

### मुख्य चुनौतीहरू

- शिक्षा क्षेत्रमा आवश्यकताको तुलनामा सीमित वित्तीय स्रोत उपलब्ध हुनु ।
- संघीय सशर्त अनुदानमा उच्च निर्भरता तथा स्थानीय आन्तरिक स्रोतको सीमितता ।
- विद्यालय भौतिक पूर्वाधार, ICT, प्रयोगशाला, पुस्तकालय तथा समावेशी शिक्षाका लागि पर्याप्त लगानी अभाव ।
- गैरसरकारी संस्था, विद्यालय र समुदायबाट स्रोत परिचालन सीमित हुनु ।
- बजेट कार्यान्वयन, खर्च क्षमता तथा समयमै कार्यक्रम सम्पन्न गर्न चुनौती ।
- विद्यालयस्तरमा स्रोत तथा सम्पत्तिको दिगो व्यवस्थापन र नियमित मर्मतसम्भारका लागि पर्याप्त बजेटको अभाव ।
- नतिजामा आधारित बजेट योजना, वित्तीय अनुगमन तथा लागत प्रभावकारिता विश्लेषणलाई थप सुदृढ गर्नुपर्नु ।

## ६२ उद्देश्य.

- शिक्षा क्षेत्रमा आवश्यक वित्तीय स्रोतको सुनिश्चितता तथा दिगो स्रोत परिचालन गर्नु ।
- संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र तथा समुदायबीच साझेदारी अभिवृद्धि गर्नु ।
- शिक्षा क्षेत्रमा उपलब्ध स्रोतको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी उपयोग सुनिश्चित गर्नु ।
- प्राथमिकताका आधारमा बजेट विनियोजन गरी शिक्षाको गुणस्तर अभिवृद्धिमा लगानी केन्द्रित गर्नु ।
- वित्तीय अनुशासन, सार्वजनिक उत्तरदायित्व तथा सुशासनलाई सुदृढ गर्नु ।

## ६३ रणनीतिहरू.

- स्थानीय शिक्षा योजनालाई गाउँपालिकाको आवधिक योजना तथा वार्षिक बजेटसँग आबद्ध गर्ने।
- संघ, प्रदेश तथा स्थानीय स्रोतबाट शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने।
- गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायसँग सहकार्य र साझेदारी विस्तार गर्ने।
- विद्यालय विकास तथा गुणस्तर सुधारका प्राथमिकताका क्षेत्रमा परिणाममुखी बजेट विनियोजन गर्ने।
- शिक्षा क्षेत्रमा प्राप्त स्रोतको पारदर्शी, मितव्ययी तथा प्रभावकारी उपयोग सुनिश्चित गर्ने।
- विद्यालयको वित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रणालीलाई सुदृढ गर्ने।
- विद्यालय सम्पत्तिको संरक्षण, मर्मतसम्भार तथा दिगो उपयोग सुनिश्चित गर्ने।
- वैकल्पिक स्रोत परिचालनलाई प्रोत्साहन गर्ने।
- शिक्षाक्षेत्रको कार्यक्रमका लागि कम्तिमा १५ प्रतिशत लगानी गर्ने ।

## ६४ प्रमुख उपलब्धिहरू.

- स्थानीय शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक वित्तीय तथा अन्य स्रोतको दिगो व्यवस्था भएको हुनेछ।
- शिक्षा क्षेत्रमा संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार तथा समुदायबीच प्रभावकारी साझेदारी र स्रोत परिचालन प्रणाली विकास भएको हुनेछ।
- शिक्षा क्षेत्रमा पारदर्शी, उत्तरदायी, नतिजामुखी तथा प्रभावकारी वित्तीय व्यवस्थापन प्रणाली संस्थागत भएको हुनेछ।

### ६ ५.प्रमुख क्रियाकलाप र लक्ष्य

संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क्र स | अनुदान प्राप्त हुने उपक्षेत्र विषय | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ | २०८७।०८८ | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ११०८९ | | | | | |
| २ | आधारभूत शिक्षा | ७९९०० | | | | | |
| ३ | माध्यमिक शिक्षा | २४९०० | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम | २०० | | | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ११२० | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | १९५९ | | | | | |
| ७ | शिक्षक व्यबस्थापन र विकास | | | | | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | २२७४ | | | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५५१२ | | | | | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | | | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३००० | | | | | |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | ८०० | | | | | |
| १३ | संस्थागत सुशासन तथा व्यबस्थापन | ४८५ | | | | | |
| १४ | अनुगमन तथा मूल्याङ्कन | | | | | | |

प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क स | अनुदान प्राप्त हुने उपक्षेत्र विषय | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ | २०८७।०८८ | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम | | | | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ५०० | | | | | |
| ७ | शिक्षक व्यबस्थापन र विकास | | | | | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | | | | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | | | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | | | | | | |
| १३ | संस्थागत सुशासन तथा व्यबस्थापन | | | | | | |
| १४ | अनुगमन तथा मूल्याङ्कन | | | | | | |

स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क | अनुदान प्राप्त हुने | आर्थिक वर्ष | जम्मा |
|---|---|---|---|

| स | उपक्षेत्र विषय | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ | २०८७।०८८ | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ३१२० | | | | | |
| २ | आधारभूत शिक्षा | ३०२५ | | | | | |
| ३ | माध्यमिक शिक्षा | ६५७ | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम | | | | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ३०० | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | |
| ७ | शिक्षक व्यबस्थापन र विकास | | | | | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | | | | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | | | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | | | | | | |
| १३ | संस्थागत सुशासन तथा व्यबस्थापन | | | | | | |
| १४ | अनुगमन तथा मूल्याङ्कन | ३०० | | | | | |

अन्य संघसंस्थाबाट शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क्र स | अनुदान प्राप्त हुने उपक्षेत्र विषय | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ | २०८७।०८८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम | | | | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | |

## ६.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क्र स | अनुदान प्राप्त हुने उपक्षेत्र विषय | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ | २०८७।०८८ | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम | | | | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ५०० | | | | | |
| ७ | शिक्षक व्यबस्थापन र विकास | | | | | | |
| ८ | शैक्षिक समता र | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समावेशीकरण | | | | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | | | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | | | | | | |
| १३ | संस्थागत सुशासन तथा व्यबस्थापन | | | | | | |
| १४ | अनुगमन तथा मूल्याङ्कन | | | | | | |

## ६.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

# परिच्छेद - ७
# अनुगमन तथा मूल्याङ्कन

## ७.१ वर्तमान अवस्था

स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली अत्यन्त महत्वपूर्ण हुन्छ। भागेश्वर गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालयहरूको शैक्षिक, प्रशासनिक तथा वित्तीय पक्षको अनुगमन गर्दै आएको छ। विद्यालयहरूले विद्यालय सुधार योजना (SIP), वार्षिक कार्ययोजना तथा शैक्षिक कार्यक्रमहरूको प्रगति प्रतिवेदन नियमित रूपमा गाउँपालिकामा पेश गर्ने अभ्यास रहेको छ।

गाउँपालिकाबाट प्रधानाध्यापक बैठक, विद्यालय अनुगमन, विषयगत सुपरिवेक्षण तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गरिने व्यवस्था रहेको छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायले समेत विद्यालयको व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनमा निगरानी तथा सहकार्य गर्ने गरेका छन्।

तथापि अनुगमनलाई पूर्ण रूपमा नतिजामुखी (Results-based) बनाउन, कार्यसम्पादन सूचकका आधारमा मूल्याङ्कन गर्न, डिजिटल सूचना प्रणालीको प्रयोग विस्तार गर्न तथा प्राप्त नतिजालाई योजना सुधारमा उपयोग गर्ने प्रणालीलाई अझ सुदृढ बनाउन आवश्यक देखिन्छ। नियमित प्रतिवेदन, तथ्याङ्क विश्लेषण तथा सुधारात्मक कार्ययोजना निर्माणको अभ्यासलाई पनि थप व्यवस्थित गर्नुपर्ने अवस्था रहेको छ।

### मुख्य चुनौतीहरू

- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली पूर्ण रूपमा संस्थागत हुन नसक्नु।
- अनुगमनका लागि आवश्यक प्राविधिक जनशक्ति तथा स्रोतसाधनको सीमितता।
- कार्यसम्पादन सूचक (Performance Indicators) को नियमित मापन तथा विश्लेषणमा कमजोरी।
- डिजिटल सूचना प्रणाली तथा तथ्याङ्क व्यवस्थापनको सीमित प्रयोग।
- अनुगमनबाट प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयनमा चुनौती।

## ७.२ उद्देश्यहरू

- स्थानीय शिक्षा योजनाको प्रभावकारी, नतिजामुखी तथा पारदर्शी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु।
- शैक्षिक कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति, गुणस्तर तथा प्रभावको नियमित मूल्याङ्कन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा योजना तथा कार्यक्रमहरूमा आवश्यक सुधार गर्नु।

## ७.३ रणनीतिहरू

- वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी कार्यान्वयन गर्ने।
- कार्यसम्पादन सूचक (Key Performance Indicators-KPIs) का आधारमा नतिजामुखी अनुगमन प्रणाली विकास गर्ने।
- शिक्षा शाखा, वडा कार्यालय तथा विद्यालयबीच नियमित समन्वय र सूचना आदानप्रदान गर्ने।
- IEMIS तथा अन्य डिजिटल सूचना प्रणालीको प्रभावकारी प्रयोग गर्ने।
- त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा बैठक सञ्चालन गर्ने।
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सरोकारवालाको सहभागितामूलक मूल्याङ्कनलाई संस्थागत गर्ने।
- अनुगमनबाट प्राप्त सुझावहरूको कार्यान्वयन सुनिश्चित गर्न सुधारात्मक कार्ययोजना लागू गर्ने।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

- स्थानीय शिक्षा योजनाका कार्यक्रमहरूको नियमित, नतिजामुखी तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत भएको हुनेछ।
- शैक्षिक गुणस्तर, वित्तीय अनुशासन, सुशासन तथा सेवा प्रवाहमा उल्लेखनीय सुधार भएको हुनेछ।
- तथ्याङ्कमा आधारित निर्णय प्रणाली विकास भई योजना तथा कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि भएको हुनेछ।

## ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | अनुगमन तथा मूल्याङ्कनका लागि नतिजामा आधारित अनुगमन सूचक निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | त्रैमासिक अर्धवार्षिक तथा वार्षिक समिक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | | | | |
| ४ | प्रतिवेदन तयारी तथा पेश | पटक | १ | १ | १ | १ | १ | १ | |
| ५ | योजना तथा कार्यक्रमको आवधिक मूल्याङ्कन तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धी परिक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | शैक्षिक स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| ८ | विज्ञ समूह तथा रोष्टर शिक्षक मार्फत अनुगमन र नमुना कक्षा प्रदर्शन गर्ने | पटक | २ | २ | २ | २ | २ | २ | १० |
| ९ | विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ |

**सन्दर्भ सामग्रीहरू**


१. शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं ।

२. शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।

३. अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

४. Department of Education (2019), FLASH I Report 2076 (2019-20), Author: Sanothimi, Bhaktapur.

५. नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

६. शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०, लेखक: सिंहदरबार, काठमाण्डौं।

७. राष्ट्रिय योजना आयोग पन्ध् योजना(२०७६/०७७- २०८१/०८२) सिंहदरवार, काडमाण्डौं ।

८. राष्ट्रिय जनगणना २०६८

९. स्थानीय सरकार सञ्चालन ऐन २०७४

१०. राष्ट्रिय शिक्षा नीति २०७६

११. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५

१२. अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७

१३. https://iemis.doe.gov.np/ शैक्षिक सत्र २०८२ र २०८३